कोभिड-१९ सङ्क्रमित बिरामीहरूलाई अपहेलना नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

NITCO
TILES MARBLE MOSAICO
Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ भदौ १२ गते शनिवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 August 28 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११

## ग्यास लिक भएपछि जगदम्बा स्टीलमा तोडफोड, तालाबन्दी

## १० करोडभन्दा बढी क्षति भएको सञ्चालकको दावी

प्रस, वीरगंज, ११ भदौ/

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत सिमरास्थित जगदम्बा स्टील प्रालिमा स्थानीयले शुक्रवार बिहान तालाबन्दी गरेका छन् ।




जगदम्बा स्टील उद्योगअगाडि विवादलाई साम्य गर्दै सुरक्षाकर्मी । तस्वीरः प्रतीक

उद्योगको जस्तापाता प्लान्टमा जडित ग्याँस प्लान्टको पाइपलाइन लिकेज भएर ग्याँस फैलिएको र त्यसबाट दुर्घटना हुन सक्ने भन्दै स्थानीयहरू आक्रोशित भई उद्योगभित्र पसी तोडफोड गरेका हुन् । आज बिहान साढे ९ बजे ग्याँस लिक भएको थाहा पाएपछि भागाभाग मच्चिएको थियो । त्यसपछि सयौंको सङ्ख्यामा स्थानीय उद्योगमा प्रवेश गरेर तोडफोड गरेका थिए । तोडफोडपश्चात् स्थानीयले उद्योगको जस्तापाता प्लान्ट र मूलगेटमा तालाबन्दी गरे ।



उद्योगभित्र तोडफोड गरिएको दृश्य । तस्वीरः प्रतीक



उद्योग प्रशासनले ग्याँसको समुचित व्यवस्था नगरेसम्म तालाबन्दी नखोल्ने अडान स्थानीयको छ । इलाका प्रहरी कार्यालय, सिमराले ग्याँस लिक भएपछि स्थानीयमा त्रास फैलिए पनि अहिले सो अवस्था नभएको बताए । प्रहरीले स्थानीयलाई सम्झाइबुझाइ विवाद साम्य पारेको इप्रका सिमराले जनाएको छ ।

ग्याँस लिक सम्बन्धमा प्राविधिकबाट जाँच थालिएको सो कार्यालयले जनाएको छ । जगदम्बा स्टीलमा छ अर्ब रुपैयाँको लगानीमा रङ्गीन जस्तापातालगायत फलामजन्य सामग्रीको निर्माण हुँदै आएको छ । उद्योगको पुरानो प्लान्टदेखि उत्तरतर्फ रङ्गीन जस्तापाताको प्लान्ट जडान भएको र एक महीनाअघिदेखि उत्पादन भइरहेको थियो ।

उद्योगका सञ्चालक पवन गुप्ताले ग्याँस लिक भएको स्वीकारे । उनले ग्याँस लिक भएको कुरा ज्ञात भएपछि प्राविधिक लगाएर बन्द गर्नेतर्फ पहल हुनुपूर्व नै स्थानीयहरूले उद्योगमा प्रवेश गरेर तोडफोड गरेको बताए । उद्योगमा नयाँ प्लान्ट जडान गर्ने बेलामा पनि स्थानीयले विवाद खडा गर्ने गरेको उनको भनाइ छ । तोडफोडबाट करोडौं मूल्यबराबरको क्षति भएको उनले बताए । प्रारम्भिक अनुसन्धानमा १० करोड रुपैयाँभन्दा बढीको क्षति भएको उनले दाबी गरे ।

## पत्रिका प्रकाशन चुनौतीपूर्ण -प्रदेशमन्त्री साह

प्रस, वीरगंज, ११ भदौ/

प्रदेश नं २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले पत्रकारिता पेशालाई समृद्ध बनाउनको लागि कार्ययोजना तयार भइरहेको बताएका छन् ।




वीरगंजबाट प्रकाशित मध्यनेपाल सन्देश साप्ताहिकको पाँचौं वार्षिकोत्सवको अवसरमा नेपाल पत्रकार महासङ्घ पर्साको सभाहलमा आयोजित 'पत्रकारिता क्षेत्रमा महिलाहरूको अवसर र चुनौती' विषयक अन्तर्क्रियामा प्रमुख अतिथि मन्त्री साहले सञ्चार क्षेत्रलाई प्राथमिकतामा राखेर कार्यक्रमहरू ल्याउने आश्वासन दिए ।

उनले पत्रिका प्रकाशन निकै चुनौतीपूर्ण भएपनि त्यसलाई मध्यनेपालले स्वीकार गरेकोमा सराहना गरे । उनले महिला पत्रकारहरूको सहभागितामा पत्रिका प्रकाशन गर्नु पनि कम चुनौतीपूर्ण नभएको भन्दै यो चुनौतीलाई मध्यनेपालका महिला पत्रकारहरूले सार्थकता प्रदान गर्दै आएको बताए ।

नेपाल पत्रकार महासङ्घ प्रदेश २ का महासचिव श्याम बन्जाराले साप्ताहिक पत्रिका भएपनि फरक ढङ्गबाट सबैको मन छुने गरी समाचार प्रकाशन गरेकोमा प्रशंसा गरे ।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले वीरगंज महिला सञ्चारकर्मीहरूको लागि उर्वर भूमि भएको बताए । विगत २० वर्षदेखि वीरगंजमा कार्यरत महिला पत्रकारहरू सुरक्षित अवस्थामा रहेको र त्यसको ज्वलन्त उदाहरण मध्यनेपाल सन्देश साप्ताहिकसमेत भएको बताए । उनले प्रदेश सरकारले प्रेससँग सम्बन्धित संयन्त्रबाहेकसँग सहकार्य गरेर सञ्चार क्षेत्रको बजेट दुरुपयोग गरिरहेको आरोप लगाए । अध्यक्ष तिवारीले प्रदेश प्रेस काउन्सिल, मिडिया प्राधिकरण र नेपाल पत्रकार महासङ्घजस्ता संस्थाहरू भएपनि तीबाहेक व्यक्तिगत लाभ हुने गरी प्रदेश सरकारले व्यक्तिविशेषसँग सहकार्य गरेर सञ्चार क्षेत्रको बजेट दुरुपयोग गरेको बताए ।

कार्यक्रममा वीरगंज महानगरकी उपप्रमुख शान्ति कार्की, वीउवासङ्घका पूर्व अध्यक्ष अशोक वैद, गणेश लाठ, नेपाल रेडक्रस सोसाइटी पर्साकी उपाध्यक्ष मधु राणा, समाजसेवी पशुपति विक्रम शाह, उषा शाह, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्की, पत्रकार महेशचन्द्र गौतमलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रम पत्रिकाकी सम्पादक कविता खड्काको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत गीता भण्डारी र सहजीकरण विजय भण्डारीले गरेका थिए । कार्यक्रममा पत्रिकामा कार्यरत दुईजना महिला पत्रकार र कोभिडकालमा सक्रिय दुईजना एम्बुलेन्स चालकलाई सम्मानित गरिएको थियो ।

## मल सञ्चय गरेका किसानहरूलाई हाइसन्चो

ओमप्रकाश चौधरी, सेढवा, ११ भदौ/

बर्सेनि धानबालीको बेलामा किसानहरूले मलको समस्या झेल्दै आए पनि यस वर्ष पर्साको थरुहट क्षेत्रका किसानहरूले मलको समस्या झेल्नुपरेको छैन ।



भारतबाट मल ल्याउँदै नेपाली किसानहरू । तस्वीरः फाइल

यहाँका किसानहरूले भदैया र अगहनी धानकै बेलामा वैशाख, जेठताका मल सञ्चय गरेका कारण यस वर्ष मलको समस्याबाट उनीहरूले उन्मुक्ति पाएका हुन् । पटेर्वासुगौली गाउँपालिका-२ का रामपूजन चौधरीले प्रत्येक वर्ष धानबालीकै बेलामा कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीबाट घोषित सहकारीहरूबाट मल नपाएको कुरालाई दृष्टिगत गर्दै १८ बोरा डिएपी, युरिया, पोटास मल सञ्चय गरेको र अहिले धानबालीमा प्रयोग गर्न सहज भएको बताए ।

उनले मल सञ्चय गरेको कारण वीरगंज धाउनु नपरेको र गाउँकै सहकारीहरूमा पनि पुग्नु नपरेको बताए । खेतीपातीको बेलामा मलकै जोगाड गर्न समस्या हुने गरेको बताए । नेपालमा मल अभाव भएपछि सीमापारि भारत गएर ल्याउने गरेको उनले बताउँदै यस वर्ष त्यसो गर्नु नपरेको बताए ।

जीराभवानी गापा-१ शान्तिनगरकी अञ्जना श्रेष्ठले आफ्नो गाउँघरमा मल नपाउने र भारत जाँदा दुवैतर्फका सुरक्षाकर्मीबाट गाली बेइज्जती सहनुपर्दा यसपटक सहकारीबाट सहजरूपमा प्राप्त भइरहेका बेला मल सञ्चय गरेको बताइन् ।

मल सञ्चय नगरेका केही किसानहरू अहिले मलको अभाव झेल्दैछन् । पानीले गर्दा ग्रामीण क्षेत्रका बाटो हिलाम्य भएको र खोलामा बाढी आएको कारण सीमापारि गएर मल ल्याउने अवस्था नभएको उनले बताइन् ।

जीराभवानी गापा-४ स्थित सुपौली कृषि सहकारी संस्थाका सञ्चालक दीपक चौधरीले थरुहट क्षेत्रका ७५ प्रतिशतभन्दा बढीले यस वर्ष मल सञ्चय गरेको बताए । सञ्चय नगरेका किसानहरूलाई पनि यसपटक मलको अभाव झेल्नु नपरेको उनले बताए । धेरै किसानले मल सञ्चय गरेकाले अहिले सहकारीबाट सहजरूपमा मल प्राप्त भइरहेको चौधरीले बताए ।

अहिले साल्ट ट्रेडिङ र कृषि सामग्रीले मल उपलब्ध गराइरहेकाले मलको अभाव नभएको चौधरीले जानकारी गराए । उनले जीराभवानी गापामा साताको बुधवार मल आउने र सोको पूर्वसूचना गरेको कारण किसानहरूले अन्य समयमा मलको खोजीनीति गरेर दुःख नगर्न आग्रह गरे ।

## घाइते छजना पटना रेफर, घटनास्थलको अनुगमन

प्रस, परवानीपुर, ११ भदौ/

वीरगंज-पथलैया औद्योगिक कोरिडोरमा भर्खरै सञ्चालनमा आएको सर्वोत्तम स्टील प्रालिमा बिहीवार भएको भट्टी विस्फोटमा परी घाइते भएकामध्ये छजनालाई भारतको पटना रेफर गरिएको छ ।



उद्योगको अनुगमन गर्दै टोली र भट्टी पडकेको स्थान । तस्वीरः प्रतीक

बिहीवार राति ९ बजे एम्बुलेन्समा राखेर भारतको पटना लगिएको पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए । उनले विनोद पाण्डे, सन्तोष कुशवाहा, मान सिया, गगन नायक, रामपुकार यादव र धीरु सहनीलाई थप उपचारको लागि पटना पठाइएको बताए । उनीहरूको शरीर ५०/६० प्रतिशतभन्दा बढी जलेको अवस्थामा भएकोले थप उपचारको लागि पटना पठाइएको पर्सा प्रहरीले जनाएको छ । बाँकी छजना घाइतेको वीरगंजको गण्डकस्थित नारायणी वयोधा अस्पतालमा उपचार भइरहेको छ ।

यसैबीच, घटनास्थलको आज सांसद प्रदीप यादव, प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरे, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारी, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेलगायतले अनुगमन गरेका थिए ।

प्रारम्भिक अनुसन्धानमा ग्याँस र केमिकल पाइपबाट लिक भएर विस्फोट भएको अनुगमन टोलीलाई उद्योगका मेनेजर आनन्द नेपालले बताए ।

## विचारसार र सूक्तिहरू

**यदि तपाईं प्रतिबन्धबाट जोगिन चाहनुहुन्छ भने आफूलाई सुधार गर्नुस् ।**

**– डिमास्थनीज**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# प्रहरीको नाममा कलङ्क

**'सत्य सेवा सुरक्षणम्' अर्थात् सत्य, सेवा र सुरक्षा प्रहरी सङ्गठनको मूल मन्त्र हो । यसभित्र प्रहरीको काम, कर्तव्य, अधिकार तथा लक्ष्य र उद्देश्य स्पष्ट छ । सङ्गठनको मूल नाराबाटै कोही विचलित हुन्छ भने त्यो प्रहरी होइन, प्रहरी सङ्गठनमा घुसेको भाइरस हो र प्रहरीको नाममा कलङ्क हो । आपराधिक क्रियाकलापको अनुसन्धान गरी निष्कर्षमा पुर्‍याउनुपर्ने, नागरिकको सेवक बन्नुपर्ने र उक्त कार्यका निम्ति सधैं सत्य मार्ग अपनाउनुपर्ने प्रहरी सङ्गठन यस्तै कलङ्कहरूका कारण बेलाबखत बदनाम हुने गरेको छ । हालै रौतहटमा घटेको घटनाले प्रहरी सङ्गठनलाई बदनाम गर्‍यो । प्रहरीले एकजना निर्दोष सञ्चारकर्मीलाई लागूऔषधमा फसाउन खोजेको कर्तुत पर्दाफास भएको छ । रौतहटका सञ्चारकर्मी मोजिबुल्लाहलाई नियन्त्रणमा लिई प्रहरीले लागूऔषध नाइट्रोभ्याट ट्याब्लेट भिडाएर फसाउन खोजेको कुरा बाहिर आयो । विभिन्न समयमा प्रहरीले बरामद गरेका लागूऔषध नै सञ्चारकर्मीलाई फसाउन प्रयोग गरिएको सिसिटिभी फुटेजबाट पुष्टि भएको छ ।**

**आपराधिक घटना नियन्त्रण गर्ने जिम्मा पाएको प्रहरी नै यसरी अपराध कर्ममा संलग्न हुने र निर्दोषलाई फसाउन उद्यत हुनुले प्रहरी सङ्गठनप्रति जनताको विश्वास गुम्न थालेको छ । यस्ता घटनाले सिङ्गो प्रहरी सङ्गठनमाथि नै प्रश्न उठ्छ । सञ्चारकर्मी समाजका सचेत नागरिकमध्येमा पर्छ । एउटा सचेत र सङ्गठित नागरिकमाथि त प्रहरीले यस्तो निकृष्ट षड्यन्त्र गर्छ भने सर्वसाधारण, सोझा, सीधालाई के गर्ला ? जनताले असुरक्षा महसूस गर्नुका साथै आतङ्कित र आक्रोशित छन् । यो कुरा प्रहरी सङ्गठनकै लागि विडम्बना हो । विगतमा ३३ किलो सुन तस्करी तथा सनम हत्याकाण्ड र निर्मला पन्त हत्याकाण्डमा प्रहरी मुछियो र सफाइ पनि पायो । निर्मला पन्त हत्याकाण्डमा प्रहरी दोषी नभए पनि उसको अनुसन्धान प्रक्रिया गलत थियो । त्यसैगरी, अन्य घटनामा सबै प्रहरी दोषी र सबै निर्दोष छैनन् । निर्मला प्रकरणमा प्रारम्भिक अनुसन्धानको क्रममा भएको लापरवाही तथा त्रुटिका कारण हत्यारा अझै पत्ता लाग्न सकेको छैन । फेरि पनि प्रहरीले जानाजान गलती गर्दैन भनेर सर्वसाधारण आश्वस्त हुन लागेको बेला रौतहटको जस्तो घटना भइदिंदा प्रहरीले जानाजान षड्यन्त्रपूर्ण तरीकाले अपराध गर्ने रहेछ भन्ने कुरा सर्वसाधारणको बुझाइमा परेको छ ।**

**बर्दीको आडमा प्रहरी आपराधिक घटनामा संलग्न देखिन थालेपछि प्रहरीले गरेका कैयौं राम्रा काम पनि ओझेलमा परेका छन् । यसले प्रहरी सङ्गठनको नेतृत्वमाथि पनि प्रश्नचिह्न खडा गरेको छ । अब यो प्रश्नचिह्न मेट्न र जनतामा स्वच्छ छवि बनाउनका लागि प्रहरी सङ्गठनले कुपात्रहरूविरुद्ध कडा कारबाई चलाउनै पर्छ । आपराधिक घटनामा संलग्न भएका प्रहरीलाई ठाउँ सारी वा निलम्बन मात्रै गरेर पुग्दैन । सङ्गठनलाई अब्बल बनाउने हो भने त्यस्तालाई सेवाबाटै बर्खास्त गरी अपराधबमोजिमको दण्डसजाय भोग्न कानूनी दायरामा ल्याउनुपर्छ । कतिपय अपराधमा संलग्न प्रहरीकर्मीलाई कानूनको दायरामा ल्याउनुभन्दा पनि जोगाउनतिर केही प्रहरी अधिकारी र राजनीतिक दलका अगुवाहरू लागेको पाइन्छ । सत्य, सेवा र सुरक्षाको लक्ष्यप्राप्तिका निम्ति काम गर्ने क्रममा कुनै त्रुटि हुन गए सङ्गठनले अभिभावकत्व गर्दै जोगाउनु पनि पर्छ, तर सङ्गठन नै धराशयी पार्न लागिपरेका कुपात्रहरूलाई जोगाउनु [redacted] राष्ट्र हितमा हुँदैन ।**

# दुःखको महिमा अपरम्पार, सुखी छन् झन् लाचार

स्वतन्त्र विचार



**वैधनाथ ठाकुर**
baidhnath2071@gmail.com

**देशमा शिक्षा र स्वास्थ्य जस्ता आधारभूत कुरा अति महँगो बनाइएको छ । आजको युगमा मानिसहरूको, आधुनिक शिक्षाको अभावमा, सुस्वास्थ्यको अभावमा, के नै अस्तित्व रहन जान्छ ? त्यसैले पैसामुखी सम्पूर्ण कुरा भएपछि मानिसहरू सहजै पैसाको लागि इमान बेच्न तयार रहन्छन् ...**

मानिस गरीब होस् वा धनी सबैको जीवनको एउटै सपना हुन्छ । सबै मानिस चाहन्छन् जीवनमा सुखी हुन । सुख भन्ने चीज पनि बडो गजबको रहेछ । यतिबेला कुनै पनि यस्तो मानिस भेट्न गाह्रो हुन्छ, जसले यो भनोस्– म सुखी छु । संसारका धेरै मानिस यस कारण दुःखी छन् कि उनीहरू गरीब छन् । उनीहरूको सम्पत्ति नै आफ्नो श्रमबाहेक अरू केही छैन । बजारमा श्रमको कुनै निश्चित मूल्य छैन । हामीहरू जस्तो अति पिछडिएको देशमा झन् श्रम र श्रमिक दुवै हेलाको पात्रको रूपमा युगौंदेखि आफ्नो भूमिका निर्वाह गर्दैछन् । जबकि यतिबेलाको नेपालको कुरा गर्ने हो भने वास्तवमा हाम्रो मुलुक नै तिनै उपेक्षित पीडित श्रमिकहरूको विप्रेषणबाट चलेको छ । यदि विप्रेषण बन्द हुने हो भने हाम्रो जस्तो मुलुकलाई आर्थिकरूपमा असफल राष्ट्रमा रूपान्तरण हुन कुनै आइतवार पर्खिनुपर्दैन ।

राज्यद्वारा गरिंदै आएको लामो संस्थागत भ्रष्टाचारका कारण देशमा कुनै बेला खोलिएका दर्जनौं उद्योगधन्दा सबै बन्द भइसकेका छन् । एक जमानामा हामी धान, चामल, दाल, तरकारी जस्ता अनेकौं खाद्यवस्तु विश्व बजारमा आयात गर्न सक्षम थियौं तर आज उल्टै हामी ती सबै कुराको लागि विदेशीको मुख ताक्ने गर्छौं । करोडौं रुपैयाँको खुर्सानी र बेसार मात्रै आयात गर्नुपर्ने हाम्रो अवस्थाले हामी कति दयनीय स्थितिमा पुगिसकेका छौं भन्ने कुरा दिउँसोको घाम जत्तिकै छर्लङ्ग छ । नेपाली समाजमा गरीबी विकासको लागि ठूलो बाधकको रूपमा तेर्सिएको भए तापनि गरीबी निवारणको लागि ठोस काम भएको देखिंदैन । नेपाली राजनीतिको एउटा खास विशेषता, अहिलेसम्म के देखिएको छ भने देशमा रहेको आर्थिक विभेद समाप्त पार्न खोलिएका राजनीतिक दलहरूका नेताहरू गरीबी कम गर्न नसके पनि आफूचाहिं धनी बन्न सफल भएको सबैलाई देखाएका छन् । राजनीतिक दलमा लाग्नुभन्दा अगाडि नाङ्गै खुट्टा हिंड्न बाध्य रहेका हाम्रा नेताहरू चाहे ती कम्युनिस्ट पार्टीका होऊन् वा काङ्ग्रेसका अथवा मधेसी पार्टीका वा अन्य कुनै पनि पार्टीका तिनीहरू सबै हेर्दाहेर्दै धनी (अभिजात वर्ग) श्रेणीमा रूपान्तरण भइसकेका छन् । तिनीहरू सबैका काठमाडौंलगायत देशका विभिन्न शहरमा आलिशान महल र अनगिन्ती कित्ता जग्गा जमीन छन् । जबकि तिनीहरूको आम्दानीको कुनै ठोस स्रोत देखिंदैन । यस्तोमा प्रश्न उठ्छ, कसरी ती भुइँफुट्टाहरू रातारात धनी भए त ?

एकचोटि माननीय भएपछि लक्ष्मी उसको खप्परमा छप्पर च्यातेर आउने गरेको सबैले देखेकै हो । अमुक व्यक्ति कुन पार्टीको हो ? त्यसको सिद्धान्त के हो ? यस्ता कुराहरूले तबसम्म मात्रै महत्त्व राख्ने गर्दछ, जबसम्म ऊ सडकमा हुन्छ । माननीय भइसकेको हुँदैन तर जब एकचोटि माननीय हुन्छन्, त्यसपछि चौतर्फीरूपमा लक्ष्मीको कृपा अनायस हुन थाल्छ । अब ऊ जीवनभर माननीय भइरहन खोज्छ । यस्ता माननीयको सङ्ख्या धेरै भइसकेको हुनाले एकापसमा टकराव हुनु पनि स्वाभाविक हुन्छ । जनताका दुःख निदान गर्न गएका माननीयहरू स्वयम् आफू राजा महाराजा बन्ने गजबका सूत्रहरू सिंहदरबारभित्र फेला पार्छन् । हो त्यही सूत्रको प्रयोग आफ्नो हितमा गर्न खोज्दा घात, प्रतिघात जस्ता समस्याहरू स्वाभाविकरूपमा उत्पन्न हुन जान्छ । यसरी पैसा निकै कमाउन सफल भएकाहरूलाई दुई नम्बरी कामको कुलत यसरी लाग्छ मानौं ऊ त्यसको अमली नै भइसक्यो । दुई नम्बरको कमाइ नआएपछि हप्ता, महीना उसलाई खान मीठो लाग्दैन । जबकि उसको थालभरि बास्मती चामल र मासुको मीठो परिकार हुन्छ तर पनि ऊ साह्रै दुःखी हुन्छ । मानौं, ऊसँग सबैथोक भएर पनि केही नभएजस्तो ।

यसरी के देखिन्छ भने खुशी कोही पनि छैन । सारमा भन्नुपर्दा सबैजना दुःखी छन् । यसको मतलब सबैको दुःख एउटै हो त ? धेरै मानिस बिहान खाएपछि साँझ के खाने, आज खाएपछि भोलि के खाने ? भनेर दुःखी छन् । कोही प्रधानमन्त्री भएर पनि दुःखी छन्, यस कारण कि उसको भन्दा बढी कमाइ गृहमन्त्रीको भयो । उसले थाहा नपाउने गरी परराष्ट्रले अमुक विषयमा यति धेरै कमिशन सुटुक्क हात पार्‍यो । यतिमात्र होइन आफूभन्दा अगाडिका प्रधानमन्त्रीले जति आफूले कमाउनै सकिएन भन्ने कुराको पनि पीर छ उसलाई । त्यसमाथि एकचोटि माननीय भएर मात्र पुग्दैन । बाँचुन्जेल कसरी माननीय भइराख्ने महत्त्वाकाङ्क्षाले पनि थप पीडा दिइरहन्छ ।

भनिन्छ, लक्ष्मी देखेपछि महादेवको पनि त्रिनेत्र खुल्छ रे । पार्वती जस्ती सुन्दर पत्नी पाउँदा पनि दुईटा आँखा मात्रै खुलेको थियो तर जब लक्ष्मी देखियो त्यसपछि तेस्रो आँखा पनि खुल्यो । यो कुरा साँच्चै रहेछ । नेपाली राजनीतिमा देखिएका सबै दलभित्रको आन्तरिक कलहको मुख्य कारण त्यही लक्ष्मी नै हो । लक्ष्मीलाई आफ्नो बनाउने होडमा आफ्नै पार्टीका सहयात्री र सहयोद्धाहरूलाई यतिधेरै चाबुक (कोर्रा) प्रहार गर्न पुग्छ कि हिजोसम्म आदर्शको रूपमा स्थापित नेता कामै नलाग्ने कुपात्रको रूपमा परिभाषित गर्न थालिन्छ ।

यस्तो अवस्थामा सबैभन्दा बढी पीडा बिचरा तलतलका कार्यकर्ताहरूले भोग्नुपर्छ । एउटै घरमा दुईवटा पार्टीका झन्डा देखिनु सहज र स्वाभाविक लाग्छ । त्यसमा भोजपुरीमा एउटा उखान छ– खेत खाय गदाहा मार खाय जोलहा । अर्थात् किसानको खेतमा बाली गधाले खाइदिएपछि जोलाहा (गधाका मालिक)लाई खेतवालाले बेस्सरी कुट्ने गर्छ । ढिलोचाँडो फेरि नेताहरूको स्वार्थ एकै ठाउँमा मिल्न पुग्छ र उनीहरू कहिले फुटेकै थिएनन् जस्तो गरी मिल्न जान्छन् । विगतका सबै भनाभन, मुख छाडाछाडा सबैलाई बिर्सिदिएर उनीहरू एक भइदिन्छन् । तर फुटको त्यस प्रकारमा अन्तरविरोधको त्यस अशिष्ट शैलीमा तलतलका कैयौं कार्यकर्ताले अनाहकमा ज्यानसमेत गुमाउने गरेको कुरा नेताहरूलाई कुनै चासोको विषय रहँदैन ।

हाम्रो समाजमा सबै कुरा पैसामुखी छ । पैसाले नै सबै कुरा निर्धारण गर्छ । तस्करी, भ्रष्टाचार वा अन्य कुनै नैतिकहीन काम कुराबाट पैसा कमाउनेहरूले विगतका वर्षहरूमा सबै पार्टीभित्र गरीब, सोझा कार्यकर्ताहरूलाई पाखा लगाएको सबैले देखेकै हो । चाहे निर्वाचनको बेला चुनावी टिकट वितरणको सवाल होस् । अथवा पार्टीभित्र प्रमुख जिम्मेवारीको बाँडफाँड होस् । सबै कुरामा सबै पार्टीभित्र पैसाकै प्रमुख भूमिका रहेको देखिन्छ । इतिहासको पृष्ठभूमिमा गरीब, इमानदार कार्यकर्ताले गरेका त्याग यतिखेर धनी नेताहरूको झोला बोक्ने महान् काममा मात्रै प्रयोग भइरहेको छ ।

देशमा शिक्षा र स्वास्थ्य जस्ता आधारभूत कुरा अति महँगो बनाइएको छ । आजको युगमा मानिसहरूको, आधुनिक शिक्षाको अभावमा, सुस्वास्थ्यको अभावमा, के नै अस्तित्व रहन जान्छ ? त्यसैले पैसामुखी सम्पूर्ण कुरा भएपछि मानिसहरू सहजै पैसाको लागि इमान बेच्न तयार रहन्छन् र पैसा कसरी कमाउने भन्दा पनि पैसावाल कहलाउन सबैजना लालायित रहन्छन् । धन कुबेर बन्ने यस म्याराथुन दौडमा विजेता बन्न निकै गाह्रो मात्रै होइन असम्भव नै छ । तापनि मान्छे दौडिरहून् भन्ने आशयले भनिएको छ– भगवान्‌के घरमें देर है अन्धेर नहीं ।

# नगर क्षेत्रका सडक डुबानमा, हिलाम्य सडकमा हिंडन बाध्य नगरवासी

राजविराज, ११ भदौ/रासस

ढल निकासको उचित व्यवस्था नभएका कारण सामान्य झरी परेको बेलामा पनि सप्तरीको राजविराज नगरपालिका क्षेत्रका सडक डुबानमा पर्ने गरेका छन् । सडक डुबानका कारण नगरवासीलाई आवतजावत गर्न समस्या हुने गरेको छ ।

राजविराज नगरपालिकाको विकास कार्यले गति लिन नसक्दासमेत यहाँका सडक वर्षायाममा डुबान हुने गरेको पाइन्छ । मुलुककै पहिलो टाउन प्लानिङ शहरका रूपमा रहेको राजविराज नगरपालिका भारतको गुलाबी नगरले चिनिएको जयपुरको नक्शामा आधारित भएर यसको विकास गर्ने लक्ष्य लिइएको थियो ।

विसं २०१६ मा घोषणा भएको राजविराज नगरपालिका विगत दुई/तीन दिनदेखि लगातार भइरहेको वर्षाका कारण जलमग्न छ । नगर प्रवेश गर्ने रूपनी सडक, कञ्चनरूप सडक, छिन्नमस्ता सखडा जाने सडक, हनुमाननगर सडक, सिराहा सडकलगायत अधिकांश भित्री सडकका विभिन्न ठाउँमा सानो/सानो खाल्डो भएको ठाउँमा पानी जमेको छ । सडकमा रहेका त्यस्ता खाल्डाखुल्डीले गर्दा सडक हुँदै बग्ने पानीले पनि साना–ठूला सवारीसाधन मात्र होइन, पैदल हिंड्ने मानिसलाई समेत सकस भएको छ ।

पानी निकासका लागि ढलको उचित व्यवस्थापन हुन नसक्दा सडकमा रहेका ठूलाठूला खाल्डामा पानी जमेर सवारीसाधन गुड्न निकै समस्या हुने गरेको गाडी चालक बताउँछन् । मुख्य बजार क्षेत्रकै सडक पनि जीर्ण भएका कारण दर्जनौं खाल्डा रहेका छन् । लगातारको वर्षाले नगरका सबै सडकमा पानी जमेको छ भने सडक हिलाम्मेसमेत बनेका कारण पैदल आवतजावत गर्दा हातमा चप्पल तथा जुत्ता बोक्नुपर्ने बाध्यता रहेको पैदल यात्रीले गुनासो गरेका छन् ।

राजविराजको पानीटङ्की सडकदेखि राममन्दिरसम्म सामान्य वर्षामा पनि पूरै सडक हिलाम्मे हुने गरेको छ । फलस्वरूप सवारीसाधन र सर्वसाधारण मानिसलाई हिंड्नसमेत सास्ती भोग्नुपर्ने बाध्यता रहेको राजविराजका श्रवण दासले बताए । एकातिर सडकमा जताततै खाल्डाखुल्डी अर्कोतिर जमेको पानी निकासको व्यवस्था नहुँदा आवागमनमा समेत निकै समस्या हुने गरेको पाइएको छ । नाला निर्माण भइरहेका ठाउँमा पनि पानीको निकास नहुँदा नगरवासी थप समस्यामा परेको बताइएको छ ।

जथाभावी फालिएका फोहरको उचित व्यवस्थापन हुन नसक्दा अहिले सडकमा जमेको पानीमा ती फोहर मिसिएर फैलिंदा रोगसमेत फैलिन सक्ने सम्भावना बढेको राजविराज नगरपालिका–३ का बिन्दु चौधरीले बताए । नगरपालिकाको विकास कार्य कछुवा गतिमा भइरहेको हुँदा अहिले फोहरका कारण नालाहरूसमेत पुरिएको अवस्थामा रहेको स्थानीयवासीको भनाइ छ ।

शहर अव्यवस्थित हुँदा सुक्खायाममा धूलो र वर्षायाममा पानी र हिलाम्मे हुने गरेका कारण नगरवासीलाई सास्ती बेहोर्नुपरेको छ । सडक दुरवस्थाबारे जनप्रतिनिधि, सडक विभाग र ठेकेदार सबै चुप लागेर बस्दा नगरवासी सास्ती खेप्न बाध्य छन् ।

## शनिवारबाट मौसममा सुधार हुने

काठमाडौं, ११ भदौ/रासस

विगत केही दिनअगाडिबाट सक्रिय रहेको मनसुन शनिवारदेखि केही कमजोर हुने भएको छ । न्यूनचापीय रेखा शुक्रवार रातिदेखि केही तल सर्ने भएकाले मनसुनी गतिविधिको प्रभाव अलि कम हुने भएको हो ।

शनिवारदेखि नेपालको पूर्वी भागबाट मौसम क्रमिक सुधार हुँदै जाने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले बताए । "मौसममा सुधार हुने भनेर पानी नै नपर्ने हुँदैन, मनसुनको समय अझै बाँकी छ, विगत केही दिनअगाडिको जस्तै लगातारको झरी भने कम हुनेछ," उनले भने ।

देशभर सामान्यदेखि पूर्ण बदली तथा हल्कादेखि मध्यम र केही स्थानमा भारी वर्षाको सम्भावना कायमै रहनेछ । हाल वाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा सामान्यदेखि पूर्ण बदली रही बाँकी भूभागमा सामान्य बदली रहेको छ । त्यस्तै, प्रदेश नं १, वाग्मती, गण्डकी तथा कर्णाली प्रदेशका धेरै स्थानमा मेघगर्जनसहित हल्कादेखि मध्यम खालको वर्षा भइरहेको छ ।

देशका अधिकांश भूभागमा सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै प्रदेश नं १, २, वाग्मती, गण्डकी, लुम्बिनी प्रदेशका केही र सुदूरपश्चिम तथा कर्णाली प्रदेशका एक/दुई स्थानमा मेघगर्जनसहित भारी वर्षाको सम्भावना रहेको बताइएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १७ दशमलव दुई डिग्री र सबैभन्दा धेरै धनगढीको अधिकतम तापक्रम ३३ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ ।

[redacted]र्पेत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष-३५ | २०७८ भदौ १२ गते शनिवार | 2021 August 28 Saturday



# समीक्षा : सिर्जनामाथिको सिर्जना


स्वान्तः सुखाय



सञ्जय मित्र

mitrasanjay41@gmail.com


**वर्तमानमा कृति समीक्षाले परिचयात्मक प्रस्तुति दिने हुनाले कृति समीक्षा गराउन कृतिकारले नै प्रोत्साहन गर्ने गरेको पाइन्छ। यसरी कृतिकारले समीक्षा लेख्न लगाउनुको अर्थ यो पनि हो कि उनले चर्चा चाहेका हुन्, आलोचना होइन।**

साहित्यका अनेक विधा छन्। पूर्वीय साहित्यमा साहित्यका प्रमुख चार विधा मानिएको छ। ती चारै विधालाई सिर्जनात्मक विधा मान्न थालिएको छ। सिर्जना विधामा कविता, निबन्ध, आख्यान र नाटक पर्दछन्। यी मुख्य चार विधाका पनि अनेक उपविधा छन्। सबैभन्दा बढी उपविधा भएको सिर्जन क्षेत्र कविता हो। कवितालाई काव्य पनि भनिन्छ। हुनत परम्परागत पूर्वीय साहित्यमा काव्यको पहिलो अर्थ नै साहित्य भन्ने बुझिन्छ। यद्यपि कालान्तरमा काव्यको अर्थ कविता र कविताभित्र अनेक उपविधामा फुटकर कविता, लघुकविता, लामा कविता, मुक्तक, गजल, गीत, हाइकू, छोक, प्रबन्ध काव्य/खण्डकाव्यदेखि महाकाव्यसम्म पर्दछन्।

साहित्यमा समीक्षालाई सिर्जनामाथिको सिर्जना भन्न सकिन्छ। यसलाई पनि दुई रूपमा लिन थालिएको पाइन्छः समालोचना तथा समीक्षा। समीक्षा शब्दलाई हेर्ने हो भने यो संस्कृत शब्द अर्थात् तत्सम हो। समीक्षाको सोझो अर्थ परीक्षण हुन्छ। समीक्षा शब्दले अन्य अनेक अर्थ दिन्छ। संस्कृतमा अर्थ राम्रोसँग हेर्ने काम, छानबिन वा जाँच-पडताल, गुण-दोषको अध्ययन, परीक्षण, खोज-अनुसन्धान, रचना वा पुस्तक आदिको विवेचना या समालोचना आदि हुने गरेको पाइन्छ। नेपाली बृहत् शब्दकोशले कुनै विषयवस्तुलाई राम्ररी वा नियालेर हेर्ने काम भनेर अर्थ्याएको छ। यसले गर्दा समीक्षा शब्दको अर्थ राम्ररी गरिएको जाँच, नियालेर गरिएको जाँच, सम्यक् परीक्षा तथा कुनै कृतिबारे गुणादोष छुट्ट्याइ निष्पक्षाता र गम्भीरतापूर्वक गरिने विवेचना, समालोचना आदिलाई जनाउँछ। यसरी समीक्षालाई सोझै कृति हेर्ने वा कृतिमाथिको पहिलो दृष्टिकोण भनेर यदि कसैले भन्छ भने त्यो अधूरो हुन्छ वा निजी विचार मात्र हुन्छ भन्दा फरक पर्दैन।

नेपाली साहित्यमा समीक्षा भनेर प्रचलित शब्दको अङ्ग्रेजी समकक्षी शब्द Critique हो। यस शब्दले The Art of Criticism भन्ने अर्थ दिन्छ। यदि पाश्चात्य साहित्यमा समीक्षाको इतिहास हेर्ने हो भने निकै पुरानो रहेको पाइन्छ। युरोपमा इ.पू. पाँचौं शताब्दीमा यस प्रणालीको प्रचार भएको मानिन्छ।

पूर्वीय साहित्यमा आचार्य राजशेखरले काव्यमीमांसामा साहित्य-समीक्षाको सूत्रपात गरेका हुन् भन्ने मान्यता रहेको छ।

नेपालमा र नेपाली साहित्यमा मोतीराम भट्टबाट समीक्षाको चलन चलेको मानिन्छ।

जब साहित्यको सम्बन्धमा त्यसको उत्पत्ति, त्यसको स्वरूप, त्यसका विभिन्न अङ्ग, गुण-दोष आदि विभिन्न तत्त्व तथा पक्षको सम्बन्धमा विवेचन गरिन्छ, तब त्यसलाई साहित्यिक समीक्षा भनिन्छ।

अहिले सामान्यतया पत्रपत्रिकामा समीक्षा भनेर जे आइरहेको छ, त्यो वास्तवमा कृति परिचय हो। यद्यपि साहित्य भनेकै प्रयोग पनि हो र समीक्षा यदि सिर्जनामाथिको सिर्जना हो भने समीक्षा पनि एकापसमा भिन्न हुनु स्वाभाविक नै हो। यसले पनि पृथक स्वरूप पाउनुलाई अस्वाभाविक मान्नुहुँदैन। यसैले नेपाली साहित्यमा समीक्षा र समालोचना पृथक भएर आएको छ। कृति परिचय शब्द बिस्तारै पातलिंदै छ र समीक्षा शब्द फक्रिंदैछ। यसले गर्दा अहिले समीक्षा कृतिको चर्चा हो, मूल्याङ्कन होइन भन्ने मान्यता स्थापित भइरहेको छ।

समीक्षा कुनै पनि कृतिको हुन सक्छ। कुनै भाव वा विचारको हुन सक्छ। समीक्षाको आरम्भ र समापन भने एकै किसिमको हुनुपर्छ भन्ने होइन। यस कारण समीक्षाको सुरुआत कसरी हुन्छ वा समीक्षाको मूर्तरूप कसरी बन्न पुग्छ भन्ने विषयमा केही महत्त्वपूर्ण पक्ष पनि हुन्छन् :

कृति पढ्नुपूर्व नै मनमा एक किसिमको भाव (प्रतिक्रिया) उत्पन्न हुन्छ, त्यो पूर्वसमीक्षा हो।

कृति पढ्दापढ्दै मनमा उत्पन्न भइरहने प्रतिक्रिया (भाव)को आरोह-अवरोह पनि समीक्षा हो।

कृति अध्ययन सकिनासाथ तत्काल मनमा उम्रने प्रतिक्रिया पनि समीक्षा हो र कृतिको समग्र अध्ययनपश्चात् त्यस कृतिमाथि व्यवस्थित प्रतिक्रिया लेखन समीक्षा हो।

विषयवस्तु, प्रस्तुति र उद्देश्य खुल्ने गरी मुख्य कुरा नछुटाइ गरिने चर्चा समीक्षा हो।

यसले पाठकलाई कृति पठनप्रति थप उत्सुक र जिज्ञासु बनाउनुपर्दछ।

सम्भव भएसम्म कृतिको बाह्य जानकारी पनि दिनुपर्छ।

यसरी कृतिको अध्ययनपछि गरिने समीक्षालाई समालोचनाको अभ्यास पनि भन्न सकिन्छ किनभने समीक्षा भनेको मूल्याङ्कन नै हो। यदि कृतिको मूल्याङ्कन हुन्छ भने मूल्याङ्कनको आधार पनि हुन्छ। एउटै कृतिको अनेक मूल्याङ्कनकर्ताले अनेक किसिमले मूल्याङ्कन गर्छन्। कसले कुन आधारमा मूल्याङ्कन गरेको हो भन्ने पक्ष पनि समीक्षामा विद्यमान हुन्छ। सामान्यतया समीक्षा वा समालोचनाको प्रमुख आधारमा संस्कृति अध्ययन, भाषा अध्ययन, विधागत सिद्धान्त अध्ययन, साहित्यको इतिहास अध्ययन र समालोचनाका सिद्धान्त अध्ययन पर्दछन्। कृति समीक्षा गर्न चाहनेले वर्तमानमा प्रचलनमा रहेको कृति समीक्षाको स्वरूपमा पनि कम्तीमा निम्न प्रश्नको उत्तर दिनुपर्ने हुन्छ :

कृति परिचय (समीक्षा)प्रतिको दृष्टिकोण कस्तो छ ?

कृति किन पढ्न खोजिएको हो ?

कृति पढेर के प्राप्त भयो ?

कृतिका मुख्य कुरा के हुन् ?

समीक्षक आफूले कुनै कृतिभित्र माथिका प्रश्नको उत्तर खोज्नै पर्दछ। यसपछि कृति समीक्षामा लेख्नैपर्ने केही अनिवार्य तत्त्व पनि छन्, जस्तो कि, कृतिको विषयवस्तु (ऐतिहासिक, सामाजिक, यथार्थ, स्वैरकल्पना, पौराणिक, मिथकीय, लोकमान्यता, अलौकिक, आञ्चलिक वा सार्वभौम आदि), भाषा (साहित्यिक, गद्य वा पद्य, बोधगम्य, प्रौढ, कुन कालको भाषा, आञ्चलिक आदि), शैली (प्रस्तुतिको कला, दृष्टिबिन्दु, कृतिकारको मौलिकता), उद्देश्य, र शीर्षक। अझ सम्भव हुन्छ भने कृतिकारको व्यक्तित्वको परिचय र तिनका प्रकाशित कृतिबारे पनि केही शब्द राख्दा राम्रो मानिन्छ। साथमा जुन विधाको कृतिको समीक्षा भएको छ, सोही विधामा कृतिकारका अन्य कृति पनि छन् भने समीक्ष्य कृति पहिलेका कृतिहरूभन्दा कुन मामिलामा पृथक भएर आएका छन्, सोको जानकारी पनि दिंदा अझ राम्रो हुन्छ। यद्यपि कृतिको समीक्षा हुने हो, कृतिकारको होइन भन्ने मान्यतालाई भने बिर्सनुहुँदैन।

वर्तमानमा कृति समीक्षाले परिचयात्मक प्रस्तुति दिने हुनाले कृति समीक्षा गराउन कृतिकारले नै प्रोत्साहन गर्ने गरेको पाइन्छ। यसरी कृतिकारले समीक्षा लेख्न लगाउनुको अर्थ यो पनि हो कि उनले चर्चा चाहेका हुन्, आलोचना होइन। आलोचना मन नपराउने र यदि राम्ररी आलोचना गरिदिने हो भने कृतिकारले समीक्षकप्रति नै नकारात्मक दृष्टिकोण राखी आलोचनात्मक बन्ने हुँदा सम्भव भएसम्म कृतिकारले पनि जसले आफ्नो आलोचना गर्दैनन्, तिनलाई नै कृतिको समीक्षा गराउन दिने चलन विकसित हुन गएको छ र स्वतन्त्र समीक्षा लेख्ने प्रवृत्तिमा निकै ह्रास आउन थालेको छ।

यसरी नेपाली साहित्यमा प्रयोग र प्रचलनमा रहेका कृति समीक्षाहरू सामान्यतया व्यक्तिपरक, प्रशंसापरक र परिचयपरक रहेका छन्। तटस्थ समीक्षा र स्वच्छ समीक्षाको प्रचलन बिस्तारै कम हुँदै गएको पाइएको छ। कृतिकार र सम्भवतः पाठकले पनि यही खोजेका छन्।

---

जो जुन स्थितिमा छ, त्यसैमा आफ्नोलागि यस्तो क्षेत्र चुन्न सक्छ कि केही गर्ने अवसर पाओस्। गौड देशमा एउटा भावनाशील श्रमिक थिए। जति कमाउँथ्यो, त्यति गुजारामा नै खर्च हुन्थ्यो। दान-पुण्यको लागि केही बच्दैनथियो। यसबाट उनी दुःखी हुन थाले।

मनमनै स्वयंलाई सराप्दै विनापरमार्थ परलोकमा कसरी सद्‌गति पाइन्छ ? आफ्नो व्यथा उनले त्यस क्षेत्रका निवासी मद्रक सन्तलाई सुनाए। उनले सल्लाह दिए- यस क्षेत्रमा धेरै तलाउ छन् तर ती सबै समतल भएका छन्। गहिराइ नभएकोले त्यहाँ पानी टिक्दैन र तिर्खाएका पशुपक्षी आफ्नो तिर्खा मेटाउन टाढा-टाढा जान्छन्। मनुष्यलाई पनि कम कष्ट छैन। तिमीले यी तलाउ जहाँ भेटाउँछौं, त्यहाँ आफ्नो परिवार लिएर बस र श्रमदान गरेर तलाउको जीर्णोद्धार गर। जसरी नयाँ मन्दिर बनाउनुको सट्टा पुरानो जीर्णोद्धारलाई श्रेष्ठ मानिन्छ, बच्चा जन्माउनुको अपेक्षा रोगीको सेवा गर्नु श्रेयस्कर हो, त्यसै प्रकार तिमी श्रमदानको आधारमा तलाउको जीर्णोद्धार गर र त्यसको नजीकै रूख रोप।

किसान श्रमिकसँग आफ्नो श्रम सम्पदा प्रचुर थियो, त्यसैबाट उसले निर्वाहको अतिरिक्त परमार्थ पनि अर्जित गर्न थाले र सन्तको परामर्श अनुसार परम श्रेयको अधिकारी बने।

---

# क्लाउड कम्प्युटिङ के हो ?



विज्ञान/प्रविधि

- प्रदीप ढोडारी


**पृष्ठभूमि**

क्लाउड कम्प्युटिङको कुरा गर्नुभन्दा पहिले कम्प्युटरको इतिहासलाई पनि बिर्सनुहुँदैन। पहिलो मैनफ्रेम कम्प्युटर हार्वर्ड मार्क आई थियो। यसको निर्माण सन् १९३० देखि शुरू भए तापनि १९४३ सम्म पनि प्रयोगका लागि तयार भएन। यसको तौल लगभग पाँच टन र यसको आकार एउटा कोठाबराबरको हुनुका साथै यसमा कोबोल (हाई लेभल प्रोग्रामिङ ल्याङ्वेज)को प्रयोग भएको थियो। त्यही समयमा आइबिएम (इन्टरनेशनल बिजनेश मेशिन)ले मैनफ्रेम कम्प्युटरको विकास गरेको पाइन्छ। त्यसपछि सन् १९६५ मा डिइसी (डिजिटल इक्युप्मेन्ट कर्पोरेशन)ले पहिलो मिनी कम्प्युटर पिडिपी-८ को विकास गरेको थियो। मैनफ्रेम कम्प्युटरको तुलनामा यसको आकार सानो थियो र त्यसमा सी प्रोग्रामिङ ल्याङ्वेजको प्रयोग भएको थियो। त्यसैगरी सन् १९६८ मा इन्टेलको उदय भई सन् १९७१ मा यसले ४००४ माइक्रो प्रोसेसर तयार गरेको र PC (Personal Computer), जुन हामीले आज पनि प्रयोग गरिरहेका छौं, त्यसको निर्माण कार्यको सुरुआत भएको पाइन्छ। यसको आकारमा पनि परिवर्तन गरी निकै सानो आकार र कम मूल्यमा उपलब्ध हुने भयो। त्यसले गर्दा सर्वसाधारणहरूमा यसको पहुँच निकै विस्तार हुनुका साथै यसले सहजता पनि थप्यो। त्यस बखत सफ्टवेयरमा C, C++ Programming Language धेरै उपयोगमा थियो। त्यसपछि सन् १९७५ तिर Microsoft को आगमनपश्चात् यसले संसारभरि एउटा ठूलो हलचल नै ल्याइदियो र Windows Operating System निर्माण गर्‍यो जो आज पनि संसारभरिका करीब ७६ प्रतिशतभन्दा बढी मानिस Windows OS नै प्रयोग गर्छन्। त्यसै समयमा Microsoft ले Client-Server Model आर्किटेक्चरको विकास गर्‍यो। यसमा एक साइडमा प्रयोगकर्ता (User) र अर्को Side मा Server रहने प्रणाली जसलाई Two-Tier Architecture पनि भनिन्छ। त्यसपछि सन् १९८४ तिर CISCO ले विभिन्न हार्डवेयर डिभाइस तथा सफ्टवेयरहरूको विकास गर्दै इन्टरनेट तथा नेटवर्किङ प्रणालीको विकसित अवधारणाअनुरूप कार्य शुरू गर्‍यो। यसले गर्दा संसारभरिका विभिन्न नेटवर्क उपकरणहरू एकापसमा जोडिन थाले। त्यसपछि डाटा तथा विभिन्न एप्लिकेशन एकापसमा शेयर गर्ने कार्यको थालनी भयो। सन् २००० तिर इन्टरनेट प्रणालीमा एउटा ठूलो क्रान्ति नै चल्यो। त्यसपछि सन् २००१ देखि २००८ मा मुख्यतया मोबाइल उपकरणहरूको विकासले सूचना प्रविधिको क्षेत्रमा निकै नै परिवर्तन ल्यायो। त्यसताका Nokia मोबाइल कम्पनीले Mobile Network मा छुट्टै आधिपत्य जमाएको थियो।

क्लाउड कम्प्युटिङको कुरा गर्दा हामीले John McCarthy लाई कहिल्यै बिर्सनुहुँदैन। John McCarthy एक अमेरिकी कम्प्युटर वैज्ञानिक थिए। उनको जन्म सेप्टेम्बर ४, १९२७ मा अमेरिकाको बोस्टनमा भएको थियो। उनी Standford University का प्राध्यापक थिए। उनी फादर अफ AI (Artificial Intelligence)का साथै AI Research का Pioneer मानिन्छन्। सन् १९६१ मा Professor McCarthy ले Massachusetts Institute of Technology (MIT)मा भएको एउटा ठूलो सभामा उल्लेख गरेका थिए कि कम्प्युटिङको सेवालाई पानी अथवा बिजुलीको सरह नै बेच्न सकिन्छ भन्ने आफ्नो विचार प्रक्षेपण गरेका थिए। तर त्यस समयमा यो सोच धेरै उपयोगी नभए जस्तो महसूस गरियो। आखिर ४० वर्ष पहिलेको उनको त्यो सोच सत्य साबित हुन पुग्यो। त्यसैको फलस्वरूप संसारमा क्लाउड कम्प्युटिङको सुरुआत भयो। उनको मुख्य धारणा भनेको कम्प्युटर हार्डवेयर, सफ्टवेयर र रिसोर्सलाई शेयर गर्ने भन्ने नै थियो। यो भनेको आजको क्लाउड कम्प्युटिङको मूल उद्देश्य हो। उनको मृत्यु अक्टोबर २४, २०११ मा ८४ वर्षको उमेरमा अमेरिकाको Standford राज्यमा भएको थियो।




हामी सबैले सर्भर भन्ने शब्द त पक्कै सुनेका छौं र यसले के काम गर्दछ भन्ने कुराको सामान्य ज्ञान पनि हामीमा छ। त्यस्तै क्लाउड कम्प्युटिङ पनि एक प्रकारको सर्भर नै हो, जसलाई हामी इन्टरनेटको माध्यमबाट एक्सेस गर्दछौं। यस सर्भरमा विभिन्न सफ्टवेयर, एप्लिकेशन तथा डाटाबेसहरू २४सैं घण्टा चलि नै रहेका हुन्छन्। क्लाउड सर्भरहरू विश्वका सबै देशमा उपलब्ध हुन्छन्। क्लाउड कम्प्युटिङको प्रयोग गर्ने प्रयोगकर्ता कम्पनी अथवा युजरहरू आफैंले सर्भरको व्यवस्थापन गरी सुरक्षित तरीकाबाट सफ्टवेयर तथा एप्लिकेशनहरू आआफ्नो घर, कार्यालय अथवा बाटोमा हिंड्दाहिंड्दै विभिन्न डिभाइसमार्फत एक्सेस गरी एकैपटक मल्टिपल युजरहरूले क्लाउड सर्भरमा आफ्ना कार्यहरू गर्न सक्छन्, जुन कुरा क्लाउड कम्प्युटिङको राम्रो विशेषता हो। यसमा इन्टरनेटमार्फत एक्सेस गरी आवश्यकताअनुरूपका विभिन्न सफ्टवेयर तथा एप्लिकेशन सजिलै Install गर्न सकिन्छ। यसले गर्दा हामीलाई छुट्टै कम्प्युटर, सफ्टवेयर, एप्लिकेशन तथा अन्य आवश्यक उपकरण खरीद गरिरहनुपर्दैन। यसबाट लगानीको पनि बचत हुन्छ।

क्लाउड कम्प्युटिङ एक यस्तो प्रविधि हो, जसलाई इन्टरनेटको माध्ययमबाट एक्सेस गरी विभिन्न प्रकारका सेवा प्राप्त गर्न सकिन्छ। चाहे त्यो सफ्टवेयर प्रयोग गर्ने कुरा होस्, सर्भरमा डाटा स्टोरेज गर्ने होस् वा कुनै अरू सेवा नै किन नहोस्। यसको उदाहरणमा गूगल ड्राइभ, वन ड्राइभ, एप्पल आई क्लाउड, ड्रपबक्स आदिलाई लिन सकिन्छ।

सन् २००६ ताका क्लाउड कम्प्युटिङ शब्द निकै नै लोकप्रिय हुन पुग्यो। यसलाई लोकप्रिय बनाउनमा मुख्य भूमिका AWS (Amazon Web Service)को रह्यो किन कि Amazon नै पहिलो पब्लिक क्लाउड सेवा प्रदायक हो। त्यसपछि सन् २००८ मा Google ले आफ्नो Google App Engine रिलिज गर्‍यो। यसैको फलस्वरूप आज हामी Gmail Service को प्रयोग गर्दैछौं। त्यो क्लाउड कम्प्युटिङकै एउटा उदाहरण हो। त्यस्तै, सन् २०१० मा Microsoft ले पनि आफ्नो छुट्टै Azure Cloud Service को सुरुआत गरी सर्वसाधारणसमक्ष ल्याएको पाइन्छ।

**क्लाउड कम्प्युटिङ सर्भिसको आधारमा वर्गीकरण**

Infrastructure as a Service (IaaS) : यसमा क्लाउड सेवा प्रदायकले क्लाउड सेवा प्रयोगकर्ता (युजर)लाई उसको आवश्यकता अनुसारको एक पूर्वाधार (Infrastructure) उपलब्ध गराएको हुन्छ। जुन प्राप्त पूर्वाधारलाई हामी आफ्नो आवश्यकता अनुसार आफ्नै तरीकाबाट व्यवस्थापन गर्न सक्छौं। जस्तो कि स्टोरेज क्षमता, नेटवर्किङ जस्ता चीजहरूको व्यवस्थापन आफैंले गर्न सकिन्छ। यसको राम्रो उदाहरणको रूपमा Virtual Private Server (VPS) लाई लिन सकिन्छ।

Platform as a Service (PaaS): यस सेवामा प्रयोगकर्ता (युजर)लाई क्लाउड सेवा प्रदायकबाट एउटा प्लेटफर्म उपलब्ध गराइएको हुन्छ। जसमा हामी आफ्नो आवश्यकताअनुरूपको एप्लिकेशन वा सफ्टवेयरहरू Install गर्ने काम गर्न सक्छौं। क्लाउड सेवा प्रदायकले नै यसको नियन्त्रण तथा मर्मत गरेको हुन्छ। यसको राम्रो उदाहरणको रूपमा हामी Gmail, Rediff Mail, Yahoo आदिलाई लिन सक्छौं।

Software as a Service (SaaS): यसमा क्लाउड सेवा प्रदायकले प्रयोगकर्ता (युजर)लाई क्लाउड सर्भर एक्सेस गर्नको लागि युजर आइडी र पासवर्ड उपलब्ध गराएको हुन्छ। यही युजर आइडी र पासवर्डको प्रयोग गरी क्लाउड सर्भरमा भएका कुनै पनि एप्लिकेशन तथा सफ्टवेयरहरूलाई इन्टरनेटको माध्यमबाट एक्सेस गरिन्छ। हामीलाई ती सफ्टवेयर न त किन्नुपर्दछ, न त डाउनलोड नै गर्नुपर्दछ। मात्रै इन्टरनेटको माध्यमबाट हामीले एक्सेस गरी आफ्नो काम सम्पन्न गर्दछौं। यसको उदाहरणको रूपमा हामी Google Apps, Google Docs, Drop Box आदिलाई लिन सक्छौं।

**क्लाउड Deployment को आधारमा यसको वर्गीकरण**

**पब्लिक क्लाउड कम्प्युटिङ :** पब्लिक क्लाउड प्रत्येक व्यक्तिको लागि

(बाँकी चौथो पातामा)

# द्रोण पर्व-४३



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी



आचार्य द्रोणको हातबाट यस प्रकार युद्धको लागि तयार भएर दुर्योधन त्रिगर्त्त देशका सहस्त्रौं रथी र अनेकौं अन्य महारथीलाई साथमा लिएर बाजागाजाका साथ दुर्योधन अर्जुनतिर लागे ।

अर्जुन र श्रीकृष्ण कौरवसेनामा छिरेपछि उनीहरूको पछिपछि दुर्योधन पनि गए । अनि पाण्डवहरूले सोमक वीरहरूको साथ बडो कोकोहोलो मच्चाउँदै द्रोणाचार्यमाथि धावा गरे । अनि त दुवैतिरबाट बडो घमासान लडाइँ चल्न थाल्यो। पुरुषसिंह धृष्टद्युम्न र पाण्डवहरू बारम्बार आचार्यमाथि प्रहार गर्दै थिए। द्रोणाचार्य जताजतातिर जुन जुन रथ र सेनामाथि बाण हान्दथे उताउतातर्फबाट धृष्टद्युम्नले बाण हानेर काटिदिन्थे। यस प्रकार धेरै प्रयत्न गर्दा पनि धृष्टद्युम्नसित सामना हुँदा कौरवसेनाको तीन भाग हुन पुग्यो। पाण्डवहरूको मारबाट आत्तिएर केही योद्धा त कृतवर्माको सैन्य टुकडीमा गएर मिले, केही जलसन्धतिर गइहाले तथा केही द्रोणाचार्यसँगै बसे । महारथी द्रोण आफ्नो सेनालाई सङ्गठित गर्ने प्रयत्न गर्दा धृष्टद्युम्नले त्यसलाई कुल्चिदिइरहेका थिए । अन्तमा कौरवसेना यस प्रकार छिन्नभिन्न भयो, जसरी दुष्ट राजाको देश दुर्भिक्ष महामारी र डाँकाहरूको कारणले विनष्ट हुन्छ ।

यस प्रकार पाण्डवसेनाको मारबाट कौरवसेनाको तीन भाग भएपछि आचार्य क्रोधित भएर आफ्नो बाणबाट पाञ्चालहरूलाई व्यथित पार्न थाले । यतिबेला उनको स्वरूप प्रज्वलित प्रलयाअग्निको समान भयानक भइसकेको थियो। आचार्यको बाणबाट सन्तप्त भएर धृष्टद्युम्नको सेना आच्छुआच्छु भएर यताउति भौंतारिन थाल्यो। यस प्रकार द्रोणाचार्य र धृष्टद्युम्नको बाणबाट व्यथित भई दुवैतिरका सेना आफ्नो प्राणको मोह छाडेर चारैतिर आफ्नो सम्पूर्ण शक्तिका साथ युद्ध गर्न थाले ।

यसै बेला कुन्तीनन्दन भीमसेनलाई विविंशति, चित्रसेन र विकर्ण-यी तीनै भाइले चारैतिरबाट घेरामा हाले । शिबिको पुत्र राजा गोवासनले एक हजार योद्धाका साथमा काशीराज अभिभूमको पुत्र पराक्रान्तलाई रोकिदिए । मद्रराज राजा शल्यले महाराज युधिष्ठिरको सामना गरे । दुःशासन क्रोधित भएर सात्यकिमाथि जाइलागे। शकुनिले सात सय गन्धारदेशीय योद्धाहरूका साथ नकुलको सामना गरे। अवन्तिदेशीय विन्द र अनुविन्द मत्स्यराज विराटको सामु आएर डटे । महाराज बाल्हीकले शिखण्डिलाई रोके । अवन्तिनरेशले प्रभद्रक र एक सय वीरका साथ धृष्टद्युम्नको मुकाबिला गरे तथा क्रूरकर्मा राक्षस घटोत्कचमाथि अलायुधले चढाइ गरे ।

यतिबेला सिन्धुराज जयद्रथ सम्पूर्ण सेनाको मध्यमा थिए र कृपाचार्य आदि महान् धनुर्धर उनको रक्षाको निम्ति तैनाथ थिए। उनको दाहिनेतर्फ अश्वत्थामा र देब्रेतर्फ कर्ण थिए तथा भूरिश्रवा आदि उनको पृष्ठरक्षक थिए । यसबाहेक कृपाचार्य, वृषसेन, शल र शल्य आदि अनेकौं रणवीरहरू उनको रक्षाको निम्ति युद्ध गरिरहेका थिए ।

व्यूहको मुहानमा द्वन्द्व युद्ध हुन थाल्यो। माद्रीपुत्र नकुल र सहदेवले बाणको भीषण वर्षा गरेर आफूप्रति वैरभाव राख्ने शकुनिलाई आच्छुआच्छु पारिदिए। त्यति बेला शकुनिलाई केही पनि सुझिरहेको थिएन, उनले सम्पूर्ण पराक्रम गुमाइसकेका थिए । बाणको चोटबाट धेरै व्यथित भएपछि उनी बडो द्रुतगतिमा आफ्नो घोडा कुदाएर द्रोणाचार्यको सेनामा गएर मिले । यस समय धृष्टद्युम्नको साथमा युद्ध गरिरहेका महाबली द्रोणाचार्यले जस्तो बाणको वर्षा गरे, त्यो अचम्भित पार्ने खालको थियो। द्रोण र धृष्टद्युम्न दुवै योद्धाले अनेकौं वीरहरूको टाउको उडाइदिए। आचार्य द्रोण धेरै नजीक आइपुगेको हेरेर धृष्टद्युम्नले हातमा ढाल-तरबार लिएर उनको वध गर्नको लागि आफ्नो रथबाट उनको रथमा हाम्फाले। आचार्यले सयवटा बाण हानेर उनको ढाललाई र दशवटा बाण हानेर तरबारलाई काटिदिए। अनि चौसट्ठीवटा बाण हानेर उनको घोडालाई तथा दुईवटा बाण हानेर ध्वजा र छत्र काटेर उनको पार्श्वरक्षकलाई पनि धराशयी पारिदिए । यसपश्चात् उनी धनुषको डोरीलाई कानसम्म तानी धृष्टद्युम्नमाथि एउटा प्राणान्तक बाण हाने तर सात्यकिले चौधवटा बाण हानेर त्यसलाई बीचमैं काटेर आचार्यको गाँसमा परेका धृष्टद्युम्नलाई बचाए। यस प्रकार आचार्यको मुकाबिलामा सात्यकिलाई आएको हेरेर पाञ्चाल वीरहरूले धृष्टद्युम्नलाई अर्को रथमा राखेर तुरुन्तै टाढा लगिहाले ।

अब आचार्यले सात्यकिमाथि बाण वर्षा गर्न थाले । सात्यकिका घोडाहरू पनि बडो फुर्तीका साथ द्रोणको सामु आएर डटे। अनि ती दुवै वीर परस्पर हजारौं बाण हान्दै युद्ध गर्न थाले । ती दुवै महारथीले आकाशमा बाणका जाल नै फैलाइदिए तथा दशौं दिशालाई बाणबाट व्याप्त पारिदिए । बाणको जालो फिजिनाले चारैतिर घोर अन्धकार हुन पुग्यो तथा सूर्यको प्रकाश र वायुको गमन पनि रोकियो। दुवैका शरीर रगताम्य भए। उनीहरूको क्षत्र र ध्वज काटिएर खस्यो। ती दुवैले प्राणान्तक बाणहरूको प्रयोग गरिरहेका थिए। त्यति बेला कौरव र पाण्डव वीरहरू उभेर ती महापराक्रमी योद्धाहरूको रणकौशलको निरीक्षण गरिरहेका थिए। क्रमशः...

# वीरगंजका बाछिटा !

कुरोको चुरो

मुकुन्द आचार्य



विगत केही वर्षदेखि मेरो यौटा खुट्टा वीरगंज र अर्को खुट्टा काठमाडौंमा रहने गरेको हुनाले; म चकित र आनन्दित दुवै अनुभव एकसाथ प्राप्त गर्दैछु। आजको युगमा जे पनि सम्भव छ, भन्छन्। साँच्चै हो रैछ ! पत्याउनुभएन ? नो प्रोब्लम !

वीरगंज बसाइमा, घुमाइमा धेरै प्रकारका अनुभव स्वतः प्राप्त भइरहन्छन्। प्रातःभ्रमण गर्दा, अन्य काममा घुम्दाफिर्दा निश्शुल्क पाइने ज्ञानलाई, अथवा अनुभवलाई इमानदारीका साथ पस्कँदै 'बाछिटा'को रूपमा; प्रस्तुत गरे है त !

(क) वीरगंजको मूल सडकमा हिंड्नेहरूले देखेकै हुनुपर्छ, यौटा मस्त मौला, फक्कड मान्छेलाई जो सधैं ठूलो बोरा बोकेर अनेक भाषामा गीत गाउँदै, फतफताउँदै कुनै अज्ञात व्यक्तिलाई आफूखुशी गाली गर्दै आनन्द सागरमा पौडी खेल्दै कवाडकचरोबाट केही काम लाग्ने वस्तु टिपेर हिंडिरहन्छ ।

कहिलेकाहीं त ऊ अश्लील शब्दहरूको प्रेमपूर्वक उच्चारण गर्दै प्रातःभ्रमण गर्ने महिलाहरूलाई लाजमर्दो स्थितिमा पार्दछ। उता वाकिङमा निस्कने महिलाहरू मुसुमुसु हाँस्दै, क्यै नसुनेझैं, क्यै नबुझेझैं गरेर आफ्नो गति बढाउँछन्। त्यो फोहर बटुल्दै हिंड्ने रसिक, मनमौजी, अलमस्त महापुरुषलाई लाज, शर्म जस्ता चानचुने शब्दको कुनै मतलबै हुन्न । यस्तै महापुरुषको चरित्रलाई हेरेर भगवद् गीतामा भनिएको होला- 'समत्वं योग उच्यते !'

(ख) अचेल वीरगंज महानगरपालिका एकदमै समदर्शी योगीझैं भएको छ। मान्छे र पशु दुवैथरीलाई ऊ समान दृष्टिले हेर्छ। वीरगंजका सडकमा हिंड्ने अधिकार मान्छे, घोडाघोडी, गाई, साँढे, सुङ्गुर र कुकुरलाई एक समानरूपमा दिइएको छ । वीरगंज, नेपालको एउटा स्मार्ट सिटी पनि त हो नि ! वीरगंज मनपालाई यसका लागि जति धन्यवाद दिए पनि थोरै नै हुन्छ । वीमनपाले यसरी पनि समत्व योग उच्यतेलाई सार्थक पारेकै छ। यस उपलब्धिलाई त मान्नै पर्ने हुन्छ ।

(ग) शहरमा जता जानुस्, जुनसुकै कार्यालयमा जानुस्, कुनै पनि जनसमूहमा पुग्नुस्; कसैकसैले मात्र मास्क लाएका हुन्छन् । ती लाउनेहरूमध्ये धेरैजसोले नाकमुख छोप्नुको साटो चिउँडो मात्र छोपेका हुन्छन् । कोरोना न सोरोना । सबै आआफ्नै पारामा इन्जोय गरिरहेका हुन्छन्। यो प्रादेशिक सरकारको महान् उदारता हो । ठूलो सफलता हो, कोरोनामाथि यसरी विजय गर्नु नगरपिता नै विजय भएपछि कोरोना जाबो त कता हरायो कता !!

(घ) यसै अवधिमा म दुईपटक ग्रामीण क्षेत्रमा पनि पुगें। त्यता त झनै उन्मुक्त अवस्था थियो। मैले मास्कलाई टोपलेको थिएँ। एक पाका पवित्र आत्माले मलाई भने- ए जी ! अपने मुँह मे ई कइसन जाबी लगवले बानी ? सास लेवेमें दिक्कत ना बुझाला ?

मैले ती पाका प्राणीलाई कोरोनाबारे लामो भाषण दिएँ। उनी त झन् जङ्गिए- काहाँ बा कोरोना, तनि बताइ त !? हमनी के गाँवघर में कहाँ कवनो मरल बा कोरोना से ?! ई सब डाक्टर लोग आ दबाइ बनाएवाला कम्पनी सबके मिलिभगत ह। झूट के खेती करके केहु लेखा लोग के लुटेके बा। हमहुँ जानतानी के लेखा राजनीतिमें पोलिटिक्स मिलावल जाला । तीन/तीन बेर हम मुखिया के चुनाव हारल बानी । हम सब जानत बानी ! देश के जनता के लेखा उल्लू बनावल जाला !

मैले ती स्थानीय नेतालाई मरिगए सम्झाउन सकिनँ ।

(ङ) कलैया त्रिचन्द्र माविमा मैले पढाएको एक छात्रले मलाई भेटेपछि धेरै नै अति सत्कार गऱ्यो। उसको गुरुभक्तिले प्रसन्न हुँदै मैले सोचें- एगो बात बताव; हमरा देखके तोहरा काहे एतना खुशी हो ता बबुआ ? उसले भन्यो, का कही गुरुजी, हम त सुनले रही जे अपने बहुत पहिले मर गइनी ! आजु जिन्दा देखतानी। हम त खुशी के मारे पगला गइल बानी ! अपने दुःख ना मानल जाई । अइसन हल्ला से उमर बढेला ।

# लभ इन वीरगंज

धारावाहिक नाटक

समीर पाखिन



*गताङ्कको बाँकी ...*

उषा :एक बजे भनेको मान्छे यतिबेला आउने हो ? एकक्षण पनि राम्ररी गफ गर्न पाइँदैन। अँ आइसक्रीमको पैसा दिएर हिंड्।

अङ्कितले आइसक्रीमको पैसा दिएर हजारको नोट साट्छ।

अब तिमी पनि एउटा बाइक किन। दिनदिनै रिक्शा चढेर डेटिङमा चाहिं आउन सकिदैंन।

अङ्कित : उषा, प्लीज नरिसाऊ न। घरमा हजुरआमा र म मात्र छु । हजुरआमाको लागि तातोपानी तताउँदा र औषधि दिंदादिंदै ढिलो भइहाल्यो। अँ कता जाने ?

उषा : खै, मलाई के थाहा ? जता गयो उतै मान्छेको भीड छ। यो वीरगंजमा त एउटा रोमान्टिक स्पट पनि छैन । कतै एकान्तमा बसेर मायाप्रीतिको कुरा गर्न पनि पाइँदैंन।

अङ्कित : बेस्ट आइडिया, बरु भिस्वा डाँडा जाऔं । त्यहाँ एकान्त पनि छ।

उषा : हो, बरु त्यतै जाऊ एकान्त पनि छ।

दुवैजना रिक्शा चढेर प्रस्थान गर्छन्।

०००

समय : उही। स्थानः हवल्दारको डेरा।

सुशीलाको भाइ गाउँबाट दिदीभेनाको डेरा खोज्दै आँगनमा आइपुगेको छ । सुशीला भाइचाहिंलाई देखेर आश्चर्यचकित भएकी छे।

भाइकाजी : दिदी, म त आइपुगें, दर्शन ।

सुशीला : (छक्क पर्दै) ल यो कताबाट आइपुगेछ ? कसरी ठ्याक्कै घरैमा आइपुगिस् ? ल काखीमा भाले पनि चेपेको रहेछ यसले। घरैबाटै ल्याएको ?

भाइकाजी : हो दिदी। आजकल त घण्टाघरनजीकै बस रोक्दो रहेछ है ?

सुशीला : अँ पहिला माथि नेशनल ट्रेडिङअगाडि रोक्थ्यो । आजकल घण्टाघरमा रोक्छ। अनि डेरा कसले चिनाइदियो नि ?

भाइकाजी : एकजना भाइले। फोनमा तिमीले नै एम्बेसीपछाडि फ्ल्याट भाडामा लिएकी छु भनेकी होइनौ ? आम्मै ! डेरा नचिनेर कम दुःख पाइयो।

नजीकैको मुढामा थ्याच्च बस्छ।

जसलाई सोध्यो अहँ चिन्दिनँ मात्र भन्दा रहेछन्।

यो शहर त बस्ने ठाउँ होइन रहेछ। हाम्रो गाउँघरमा त ऊ त्यो डाँडापारिको घर कसको भनेर सोध्यो भने पनि बताइदिन्छ। सके आगन्तुकलाई उसको आफन्तको घरैसम्म पनि पुऱ्याइदिन्छ।

सुशीलाको भाइ भाइकाजी काखमा भाले चेपेर आँगनमा बसेर दिदीसित कुरा गरेको देखेपछि घरबेटी बज्यैले बूढालाई इशाराले बोलाउँछे। घरबेटी बा बज्यै भएको नजीकै आउँछ।

घरबेटी-बज्यै : हेर न, हवल्दारको घरमा फेरि पाहुना लागेको जस्तो छ।

घरबेटी-बा : यो पाखे त हवल्दार्नीको माइतीबाट आएको जस्तो छ। काखीमा भाले पनि चेपेको छ।

घरबेटी-बज्यै : अब कति दिन बस्ने हो ? मोटरले तानेको पानी भुसुक्क पार्ने भो। (बार्दलीबाट तलतिर हेर्दै) हवल्दार्नी बहिनी, भाले चेपेर आउने केटो को हो ?

सुशीला : किन बज्यै ? मेरो भाइ गाउँबाट आएको।

घरबेटी-बज्यै : यतै बस्नेगरी आएको हो कि फर्कन्छ ?

सुशीला : सानो काम परेर आएको फर्कन्छ फर्कन्छ। (स्वयंसित) एकजना नयाँ मान्छे आएको देख्नुहुँदैन, यो बूढी केरकार गर्न थालिहाल्छे।

भाइकाजी : अनि भान्जी खोइ त ?

सुशीला : तेरी भान्जी क्याम्पस गएकी छे।

०००

समय : अपराह्न। स्थानः भिस्वा डाँडाको एकान्त ठाउँ।

अङ्कित र उषा एकाअर्काको हात समातेर प्रेमालापमा लीन छन्।

उषा : अङ्कित, तिमीले जब पाउना साथै बिहे गरिहाल्नुपर्छ ल।

अङ्कित : किन हतारिएकी ? बिहे भएपछि त यो स्वतन्त्रता, यसरी एकान्तमा बसेर गफ गर्नुको मज्जा कहाँ पाइन्छ उषा ?

सासू-ससुराको खटन, यसो गर, उसो गर, यो न गर, त्यो न गर । पारिवारिक अनुशासनले हामीबीचको प्रेम सम्बन्ध खत्तम भइहाल्छ नि। अहँ म त यति चाँडै बिहे नगर्ने।

उषा : किन नगर्ने ? तिमीले जागीर पाउन साथै मलाई माग्न आउनुपर्छ । धोका दिने होइन नि भनिदिएकी छु।

अङ्कित : त्यसो भनेर कहाँ हुन्छ ? जागीर खाएपछि केही वर्ष इन्जोइ गर्नुपर्दैन ? यो विवाहको झन्झटमा यति चाँडै किन फस्ने ? अहँ म त फस्दिनँ।

उषा : अनि बैंसभरि डुलौंला घुमौंला। अनि पछि तिम्री आमाले केटी त उमेर गएकी रहिछे हुँदैन भनी भने ?

अङ्कित : त्यही भएर त वेट घटाऊ भनेको नि। तिमी त खाली मीठो-मीठो मात्र खान खोज्छौ।

उषा : उसो भए जागीर पाउने बित्तिकै एउटा बाइकचाहिं किनी हाल है। लाजै भइसक्यो साथीहरूको अघि। साथीहरू सबै ब्वाइफ्रेन्डको बाइकमा क्याम्पस आउँछन् म मात्र हिंडेर। उठौं, मलाई त भोक पनि लागिसक्यो । के खाने होला ?

अङ्कित : (उषाले नसुन्नेगरी) यो खन्चुवीलाई कति भोक लागेको होला। (उषातिर हेर्दै) ल हिंड समोसा चाट खाने।

उषा : होइन फ्राई मोमो खाऊ न।

अङ्कित : पैसा छ ?

उषा : तिमीसित छैन ?

अङ्कित : के म जागीरे हुँ र ? तिमीले जे-जे भन्छौ, त्यही खुवाउनु ?

उषा : जागीर पाएपछि त खुवाउँछौ होला नि ? ल हिंड् समोसा चाट नै खाने।

०००

समय : बेलुकी पख । स्थान : हवल्दारको डेरा।

दिदी-भाइ कुराकानी गर्दैछन्।

सुशीला : के विदेश जाने अरे ?

भाइकाजी : अनि गाउँमा हाम्रो उमेरका लोग्नेमान्छे कोही भेटिंदैनन् त। म मात्र बसेर के गर्नु ? यसैले म पनि केही वर्षलाई विदेशतिर जाउँ भनेको।

सुशीला : तँ पनि विदेश गइस् भने गाउँमा बाँदरचाहिं कसले धपाउँछ नि ?

भाइकाजी : आ... जोसुकैले धपाओस्।

सुशीला : अनि विदेश कुन कामको लागि जान लागिस् त भाइ ?

भाइकाजी : भेडा चराउन।

सुशीला : भेंडा चराउन ? मान्छेको छोराहरू होटलमा वेटर, सेक्युरिटी गार्डमा जान्छन्। तँचाहिं त्यस्तो गरममा भेंडा चराउन किन जान लागेको ? नामचाहिं काजी कामचाहिं पाजीको गर्ने ?

भाइकाजी : दिदी आफूलाई जे कामको अनुभव छ, त्यही गर्ने त हो नि। आफ्नो गाईभैंसी चराएको दश वर्षको लामो अनुभव छ। काम ठूलो सानो केही हुँदैन। काम भनेको काम हो। (हवल्दार इमान सिंहको प्रवेश) भिनाज्यू पनि आइपुग्नुभो। दर्शन है भिनाज्यू।

क्रमशः

## क्लाउड..........

२४सैं घण्टा उपलब्ध हुने सेवा हो। यो सेवाप्रदायकद्वारा व्यवस्थापन गरिएको हुन्छ। पब्लिक क्लाउड सर्भिस निश्शुल्क वा सशुल्क दुवै हुन सक्छ । यसमा Customization गर्ने सुविधा कम प्राप्त हुनुका साथै सुरक्षा कम हुन्छ र सुरक्षाका चुनौती भने सधैं हुने गर्दछ । यसको उदाहरणमा Amazon Elastic Compute Cloud (EC2), Microsoft Azure, IBM's Blue Cloud, Sun Cloud, Google Cloud यी सबै पब्लिक क्लाउडका उदाहरणहरू हुन् ।

**प्राइभेट क्लाउड कम्प्युटिङ :** यसमा सङ्घसंस्थाहरू प्रयोगकर्ता (युजर)को रूपमा जोडिन सक्छन् । प्राइभेट क्लाउडमा विभिन्न सङ्गठन वा निजी कम्पनीहरू तथा त्यसमा कार्यरत कर्मचारीहरूले मात्र एक्सेस गर्न सक्छन्। यो मोडल महँगो भए तापनि यसमा Customization को सुविधा उपलब्ध हुन्छ। यसमा सुरक्षाको स्थिति मजबूत हुनुका साथै चुनौती कम हुन्छ । यसको उदाहरणमा Microsoft, CISCO, IBM, NetApp यी सबै प्राइभेट क्लाउडका उदाहरणहरू हुन् ।

**कम्युनिटी क्लाउड कम्प्युटिङ :** कम्युनिटी क्लाउड कम्प्युटिङको कुरा गर्दा यो एक समूहका व्यक्तिहरूको लागि उपलब्ध हुन्छ। यसका साथै कोही अन्य बाहिरी व्यक्तिले डाटाबेस एक्सेस गर्न सक्दैनन् । कुनै सरकारी कार्यालयको लागि हो भने त्यसमा केवल आफ्ना कर्मचारीहरूले मात्र त्यो साइटमा उपलब्ध डाटाहरू प्रयोग गर्न सक्छन्। त्यस्तै, कुनै विश्वविद्यालयद्वारा निर्मित साइटमा उपलब्ध सामग्रीहरूको उपयोग केवल त्यस विश्वविद्यालयका विद्यार्थी तथा कर्मचारीहरूले मात्र एक्सेस गर्न सक्छन्। यसको उदाहरणमा Freedom Mortgage, TD Bank, Ansys Inc यी सबै कम्युनिटी क्लाउडका उदाहरणहरू हुन् ।

**हाइब्रिड क्लाउड कम्प्युटिङ :** प्राइभेट क्लाउड तथा पब्लिक क्लाउड दुवैको सम्मिश्रण नै हाइब्रिड क्लाउड हो। पब्लिक र प्राइभेट क्लाउड मिलेर बनेको एक छुट्टै क्लाउडलाई हाइब्रिड क्लाउड भनिन्छ। यसमा प्राइभेट तथा पब्लिक दुवैका फाइदाहरू पाइन्छन्। यो मोडललाई राम्रो मानिन्छ र त्यति महँगो पनि पर्दैन। यसको उदाहरणमा Oracle, CISCO, Alibaba, Dell EMC यी सबै हाइब्रिड क्लाउडका उदाहरणहरू हुन्।

**क्लाउड कम्प्युटिङका फाइदाहरू**

**बढी स्टोरेज क्षमता :** आफ्ना सम्पूर्ण डाटाबेस क्लाउडमा सुरक्षित साथ राख्न सकिन्छ । यसमा आफूखुशी आवश्यकताअनुरूप जति पनि डाटा स्टोरेज क्षमता सजिलै बढाउन सकिन्छ।

**डाटा एक्सेस गर्न सजिलो:** क्लाउडमा डाटा स्टोरेज गर्नुको मुख्य फाइदा भनेको आवश्यकता अनुसार जुनसुकै स्थानबाट कुनै पनि प्रकारका डिभाइसमार्फत सजिलैसँग एक्सेस गर्न सकिन्छ। यसको लागि केवल इन्टरनेट कनेक्सनको मात्र आवश्यकता पर्दछ ।

**बढी प्रोसेसिङ पावर:** क्लाउड कम्प्युटिङमा हामीले प्रोसेसिङ क्षमतामा कुनै सम्झौता गर्नुहुँदैन किनकि यसमा हामीले हाम्रो आवश्यकता अनुसार जति पनि प्रोसेसिङ पावर खरीद गर्न सक्छौं।

**कम लागत :** क्लाउड कम्प्युटिङमा प्रयोगकर्ता (युजर)ले आफ्नो आवश्यकता अनुसारको स्टोरेज क्षमता खरीद गर्न सक्छ। आफूले गर्ने प्रयोगको आधारमा रकम भुक्तानी हुन्छ । जस्तै, कसैलाई २० जिबी स्टोरेजको आवश्यकता हुन्छ भने उसले २० जिबीबराबरकै रकम भुक्तानी गर्नुपर्ने हुन्छ। यसको लागि ५०० जिबीकै हार्डडिक्स किन्नु आवश्यक पर्दैन। यसले गर्दा खर्चमा मितव्ययी हुन्छ ।

**क्लाउड कम्प्युटिङका बेफाइदाहरू**

**इन्टरनेटको आवश्यकता:** विनाइन्टरनेट क्लाउड कम्प्युटिङको कुनै महत्त्व हुँदैन । यो प्रणाली पूर्णरूपमा इन्टरनेटमा आधारित हुन्छ । किनकि क्लाउडमा स्टोरेज भएका विभिन्न एप्लिकेशन तथा डाटाबेसलाई एक्सेस गर्नको लागि सधैंभरि इन्टरनेटको आवश्यकता हुन्छ ।

**गोपनीयता तथा सुरक्षाः** क्लाउड एक्सेस गर्नको लागि इमेल आइडी तथा पासवर्डको आवश्यकता पर्दछ । त्यसैले आइडी र पासवर्डलाई सुरक्षित राख्नुपर्दछ । यदि कथङ्कदाचित यो आइडी तथा पासवर्ड हराएमा वा चोरी भएमा सजिलैसँग क्लाउड एक्सेस गरी डाटाहरू चोरी हुने तथा नष्ट गरिदिने सम्भावना रहन्छ। यसको लागि हामीले सधैंभरि सजकता अपनाउनुपर्ने हुन्छ ।

**सीमित नियन्त्रणः** क्लाउड संरचनामा सेवाप्रदायकद्वारा पूर्ण स्वामित्व, प्रतिबन्ध तथा निगरानी गरिरहेको हुन्छ । यस कारण क्लाउड प्रयोगकर्ता (युजर)लाई क्लाउड संरचनाभित्र अथवा सेवामा कम नियन्त्रण प्रदान गरिएको हुन्छ ।

*(लेखक नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)का सिस्टम एडमिनिस्ट्रेटर हुन्। - विज्ञान लेखमाला)*

# अन्तर्राष्ट्रिय समाचार

## काबुल विस्फोटमा १३ अमेरिकी सेनासहित १०३ जनाको मृत्यु

वाशिङ्टन, ११ भदौ/एएफपी

अफगानिस्तानको राजधानी काबुलस्थित अन्तर्राष्ट्रिय विमानस्थलको बाहिर भएको बम विस्फोटमा परेर कम्तीमा १०३ जनाको ज्यान गएको छ।


बम विस्फोटमा घाइते भएकाहरूको अस्पतालमा उपचार हुँदै। तस्वीरः एपी

बिहीवार यहाँका आक्रमणकारीहरूले विमानस्थल छिर्ने मूलद्वारको बाहिरपट्टि विस्फोट गराएका थिए। काबुल तालिबानीहरूले कब्जामा लिएपछि आफ्नो देश फर्किनका लागि विमानस्थलमा जम्मा भएका हजारौंको भीडलाई लक्षित गरेर उनीहरूले विस्फोट गराएका थिए।

सो आक्रमणामा परेर मृत्यु भएकामध्ये १३ जना अमेरिकी सेना रहेका छन्। अफगानिस्तानमा रहेको अमेरिकी सैन्य समूहका प्रमुख कमान्डरले आफ्ना १३ जना सेनाको पनि मृत्यु भएको पुष्टि गरेका छन्। उनले सो आक्रमणमा मारिएका १३ जना अमेरिकी सैन्य सेवाका सदस्य रहेको बताए।

उक्त आक्रमणमा परी बिहीवार रातिसम्म कम्तीमा पनि १०३ जनाको ज्यान गएको छ। त्यसमा परेर करीब एक सयजना घाइते भएका छन्। घाइते हुनेमा अरू १८ जना अमेरिकी सेना पनि रहेका छन्।

बम विस्फोट भएपछि भागदौड भएको र त्यसमा परेर केही व्यक्तिको ज्यान गएको बताइएको छ। आफ्नो देश फर्किनका लागि विमानस्थलमा जम्मा भएका विदेशी नागरिकलाई लक्षित गरेर विस्फोट गराइएको समाचारमा जनाइएको छ।

काबुल विमानस्थलमा हजारौंको भीड लागेको समयमा आक्रमणकारीहरूले बम विस्फोट गराएका हुन्। विमानस्थलबाहिर रहेको भीडभाडलाई लक्षित गरेर सो आक्रमण गराएको बताइएको छ।

यसअघि बिहीवार मात्र अफगानिस्तानको काबुल विमानस्थलमा आक्रमणको उच्च जोखिम रहेको अमेरिका र बेलायतले जनाएका थिए। यी दुई देशले काबुल विमानस्थलमा आफ्ना नागरिकलाई नजानु भन्दै बुधवारदेखि नै सूचना जारी गरेका थिए। अमेरिका र बेलायतले विमानस्थलमा पुगेको भएपनि त्यहाँबाट फर्किन भन्दै आफ्ना नागरिकहरूका नाममा सूचना जारी गरेका छन्।

सूचनामा विमानस्थलमा पुगेकालाई पनि त्यहाँ नबस्न र अन्यत्र कतै जान भनिएको थियो। अहिले पनि काबुल विमानस्थलमा कम्तीमा दश हजार विदेशी नागरिक रहेका छन्। आफ्नो देश फर्किनका लागि विमानस्थलबाहिर र भित्र हजारौं सर्वसाधारण बसेका छन्।

विमानस्थलमा इस्लामिक स्टेट्सका अतिवादी समूहबाट सुरक्षा खतरा रहेको अमेरिकी गुप्तचर निकायको प्रतिवेदनमा उल्लेख गरिएको थियो।

विमानस्थलमा भीडभाडमा खटेका अफगान सैनिक पनि आत्मघाती विस्फोटनको सम्भावनाका कारण चिन्तित रहेको प्रतिवेदनमा जनाइएको थियो। सो गोप्य सूचनामा भनिए अनुसार नै बिहीवार काबुल विमानस्थलमा आत्मघाती आक्रमण गरिएको हो।

अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि अफगानिस्तानकै स्थानीय इस्लामिक स्टेट्सका कारण उक्त विमानस्थलमा सुरक्षा खतरा रहेको बताएका थिए।

बिहीवार भएको सो आक्रमणको जिम्मेवारी आइएसले लिएको छ। उनीहरूले अफगानिस्तानमा अमेरिकी सेनाले गरेको कामका लागि सो विस्फोट गराएको बताएका छन्। रासस


पूर्व-पश्चिम राजमार्गमा पानी परेपछि लच्का र कालोपत्र सडकमा पानी जमेर सवारी आवागमनमा समस्या भएको छ। केही दिनदेखि लगातार परेको पानीले यो सडकखण्डका धेरै ठाउँ डुबानमा परेको छ। तस्वीरः नितेश कर्ण

## छात्राहरूलाई साइकल वितरण

प्रस, वीरगंज, ११ भदौ/

बहुदरमाई नगरपालिका-५ भौराटारस्थित नेरा सीताराम महतो माविमा अध्ययनरत कक्षा ८ का छात्राहरूलाई साइकल वितरण गरिएको छ।


तस्वीरः प्रतीक

प्रदेश २ सरकारको बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तर्गत कक्षा ८ का ४२ जना छात्रालाई साइकल वितरण गरिएको प्रधानाध्यापक सञ्जय कुमारले बताए। विद्यालयमा आयोजित कार्यक्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय सल्लाहकार समिति, अभिभावकहरूको उपस्थितिमा साइकल वितरण गरिएको थियो। कार्यक्रमको सहजीकरण सन्दीपकुमार जैसवालले गरेका थिए।

यसैगरी, वीरगंज-३१ बेलवास्थित लक्ष्मीदेवी बाबुलाल हंसवाहिनी मावि कोन्हियामा साइकल वितरण भएको छ।

प्रदेश २ को मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान अन्तर्गत गत वर्ष २०७७ सालमा कक्षा ८ मा अध्ययनरत १८ जना छात्रालाई शुक्रवार साइकल वितरण गरिएको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवलकिशोर यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा चोर्नी निमाविका प्रधानाध्यापक अनिरुद्ध कुशवाहा, प्रसोतीपुर प्राविका प्रअ लक्ष्मण साह, प्रसोतीपुर मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र मण्डललगायत शिक्षक, शिक्षिका तथा अभिभावकहरूको सहभागिता रहेको विद्यालयका प्रधानाध्यापक दयाकान्त झाले जानकारी गराए। कार्यक्रममा सहजीकरण शिक्षक अनिलकुमार यादव र स्वागत मन्तव्य नागेन्द्रप्रसाद कुर्मीले गरेका थिए।

## पर्सामा अस्ट्राजेनिका खोप लगाइने

प्रस, वीरगंज, ११ भदौ/

पर्सा जिल्लामा अस्ट्राजेनिका खोप १३ गतेदेखि लगाइने स्वास्थ्य कार्यालय, पर्साका निमित्त कार्यालय प्रमुख नवलकिशोर साहले बताएका छन्।

१४ वटा स्थानीय पालिकामा तीन/तीन दिन आलोपालो गरी खोप लगाइने उनले बताए। पहिलो चरणमा वीरगंज महानगरपालिका, बहुदरमाई नगरपालिका, धोबिनी, छिपहरमाई, विन्ध्यवासिनी, पकाहामैनपुर, कालिकामाई गाउँपालिकामा भदौ १३ देखि १५ गतेसम्म र पोखरिया, पर्सागढी नपा, ठोरी, जीराभवानी, पटेर्वासुगौली, जगरनाथपुर, सखुवाप्रसौनी गापामा १९ देखि २१ गतेसम्म खोप लगाइने उनले बताए।

निमित्त प्रमुख साहले अस्ट्राजेनिका खोप यसअघि कोभिशिल्डको पहिलो मात्रा लिएका सबैलाई दोस्रो मात्राको खोप लगाउने र १८ वर्ष उमेर पुगेका कक्षा १२ का विद्यार्थीहरूलाई लगाइने जानकारी गराए।

## स्थानीयको दबावपछि टयाक्टर नियन्त्रण

प्रस, पंचगावाँ, ११ भदौ/

असार १ गतेदेखि भदौ मसान्तसम्म नदीजन्य पदार्थको उत्खननमा रोक लगाइए पनि पर्सा जिल्लाका विभिन्न खोलाबाट अवैध उत्खनन जारी छ।

सुरक्षाकर्मी, वनकर्मी र स्थानीय पालिकाको मिलोमतोमा पर्सा जिल्लाको खोलाहरूको उत्खनन भइरहेको छ। बालुवा, गिट्टी, ढुङ्गाको अवैध उत्खनन विरूद्ध स्थानीयहरूले गरेको विरोधको सुनवाइ छैन।

यसैक्रममा बिहीवार बेलुकी गिट्टी, बालुवासहित भलुही खोलाबाट अवैध उत्खनन गरेको तीनवटा टयाक्टरलाई स्थानीयको दबावमा प्रहरीले नियन्त्रणमा लिएको छ।

भतौडाका बालुवा तस्करमा नाम कहलिएका श्रीराम महतो, भगवान् यादवलगायतले नदी उत्खनन्मा प्रयोग गरेको तीनवटा टयाक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको हो। स्थानीयले सूचना दिंदा आलटाल गरेको प्रहरीलाई बाध्य पारिएपछि ना.६ त ३०४७, ८८९९ र ना.४ त ९६०४ को टयाक्टर इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले नियन्त्रणमा लिएको छ।

## नाबालिकालाई गर्भ बोकाउने युवक पक्राउ

प्रस, वीरगंज, ११ भदौ/

जिल्ला प्रहरी कार्यालय बाराले १५ वर्षीया नाबालिकालाई करणी गरी गर्भधारण गराएको कसूरमा एकजना युवकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले विगत आठ महीनादेखि ती नाबालिकालाई ललाइफकाइ जबरजस्ती करणी गर्दै आएका २१ वर्षीय युवकलाई पक्राउ गरेको बताए।

उनले युवकलाई नाबालिकाको उजूरीको आधारमा पक्राउ गरी जबरजस्ती करणी मुद्दामा अदालतबाट पाँच दिनको म्याद लिएको र अनुसन्धान जारी रहेको बताए। नाबालिकाको अहिले सात महीनाको गर्भ रहेको उनले बताए।

## विश्वविद्यालयका सबैलाई खोप अनिवार्य गर्ने तयारी

तिराना, ११ भदौ/सिन्ह्वा

अल्बानियाका सबै विश्वविद्यालयका सबै विद्यार्थी, प्राध्यापक तथा कर्मचारीहरूलाई कोरोना भाइरसविरुद्धको खोप अनिवार्य गर्न लागिएको छ।

प्रधानमन्त्री इडी रामाले सबै विश्वविद्यालयका सबैलाई खोप अनिवार्य गर्ने व्यवस्था गर्न लागिएको बिहीवार जानकारी दिए।

विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसको महामारी र देशको वर्तमान अवस्थाका कारण यस्तो व्यवस्था गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ थियो।

शिक्षा, खेलकूद र युवामन्त्री एभिस कुशी र विद्यार्थीहरू सहभागी एउटा कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।


आफूसँगै अरूको समेत सुरक्षाका लागि पनि खोप अत्यावश्यक भएकाले खोप लगाउन हेलचेक्र्याइँ गर्न नहुनेमा उनले जोड दिए।

सबै मानिसलाई खोप अनिवार्य गर्नु आवश्यक छ तर क्षेत्रगतरूपमा वर्गीकरण गरेर प्राथमिकता निर्धारण गर्नुपर्दछ," उनले भने।

खोप लगाउन कसैले चाहने र कसैले नचाहने भन्न नै नपाउने र सरकारले तोकेको समयमा सबैले अनिवार्यरूपमा लगाउनुपर्ने उनले बताए।

कोरोना भाइरसको महामारी व्यवस्थापन र विश्लेषणका लागि गठित विज्ञहरूको समूहले बुधवार मात्रै थप प्रतिबन्धात्मक व्यवस्था लागू गर्नुनपर्ने निष्कर्ष निकालेको छ तर दैनिक सङ्क्रमितहरूको सङ्ख्या भने धेरै नै रहेको देखिएको छ।

कोरोना भाइरसका कारण बिरामी भएर तिरानाका अस्पतालहरूमा भर्ना भएकामध्ये ९५ प्रतिशत बिरामीले खोप नलगाएको पाइएको अधिकारीहरूले जनाएका छन्।



तस्वीर : सिन्ह्वा

खोप लगाएर पनि सङ्क्रमित भएकाहरूको सङ्ख्या भने ३२ मात्रै रहेको जनाइएको छ। अल्बानियाका झन्डै छ लाख मानिसले दुवै खोप लगाइसकेका छन्। यो सङ्ख्या देशको झन्डै २७ प्रतिशत रहेको स्वास्थ्यमन्त्री ओगेर्था मानास्तिर्लिउले जानकारी दिए।

अल्बानियामा अहिले कोरोना भाइरसविरुद्धको खोप चरणमा लगाउने अभियान चलिरहेको छ। आगामी सेप्टेम्बरमा १८ वर्ष पूरा भएका सबैलाई खोप लगाउने व्यवस्था गर्न लागिएको पनि स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ८४४ जना नयाँ सङ्क्रमित थपिएका छन्। योसँगै अहिलेसम्म कुल सङ्क्रमितहरूको सङ्ख्या एक लाख ४१ हजार ३६५ पुगेको छ। तीमध्ये एक लाख ३१ हजार ८१२ जना सङ्क्रमणमुक्त भएका छन् भने अरू दुई हजार ४८३ जनाको कोरोनाकै कारण मृत्यु भएको छ। रासस

## मलेसियाका नयाँ प्रधानमन्त्रीद्वारा मन्त्रिपरिषद् विस्तार

क्वालालम्पुर, ११ भदौ/सिन्ह्वा

मलेसियाका नवनियुक्त प्रधानमन्त्री इजमेल साब्री याकोबले मन्त्रिपरिषद् विस्तार गरेका छन्।

टेलिभिजनबाट प्रसारण भएको मन्तव्यका क्रममा प्रधानमन्त्री याकोबले कोरोना भाइरसको महामारीसहित जटिल अवस्थालाई प्रभावकारी व्यवस्थापन गर्न नयाँ मन्त्रीहरू सफल हुने विश्वास व्यक्त गरे।

"मेरा नयाँ सहकर्मीहरूले उत्कृष्ट नतीजा दिने गरी काम गर्नुहुनेछ भन्ने आशा गरेको छु, त्यसका लागि सबै मन्त्रीले छोटो तथा लामो समयावधिका लागि कार्ययोजना पनि बनाउनुहुनेछ," उनले भने। कार्ययोजना बनाएर काम गर्दा निर्धारित लक्ष्य पूरा गर्न सजिलो हुने प्रधानमन्त्री याकोबको भनाइ छ। उनले शुरूको १०० दिनका लागि पनि छुट्टै योजना बनाउन आग्रह गरे।

मलेसियाका तत्कालीन प्रधानमन्त्री मुहिद्दीन यासिनले यही अगस्त १६ मा राजीनामा दिएपछि नयाँ सरकार गठन भएको हो। रासस

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष — भाग्योदय | वृष — व्यर्थभ्रमण |
| मिथुन — धनलाभ | कर्कट — सफलता |
| सिंह — ईश्वरभक्ति | कन्या — रोगभय |
| तुला — व्यापारवृद्धि | वृश्चिक — शत्रुभय |
| धनु — चोरभय | मकर — भयचिन्ता |
| कुम्भ — मित्रमिलन | मीन — कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले मानव सेवा आश्रम वीरगंजका आश्रितहरूलाई मासिकरूपमा भोजन गराउँदै आएका छन्। पर्सामा गत पुस महीना सरुवा भएर आएपछि उनले यो कार्यलाई निरन्तरता दिंदै आएका छन्। यसै क्रममा शुक्रवार आश्रममा आश्रितहरूलाई भोजन गराउँदै प्रउ पाण्डे। तस्वीर सौजन्यः मानव सेवा आश्रम



छिपहरमाई गाउँपालिका अन्तर्गत भिस्वादेखि तुलसीबर्वा जाने बाटोको दृश्य। सडक निर्माणका लागि ठेकेदारले माटो खसाउने काम मात्र गरेकोले वर्षायाममा हिलाम्य र घाम लागेपछि धूलो उडेर यो सडकबाट आवतजावत गर्न यात्रीहरूलाई निकै समस्या हुने गरेको छ। अहिले पानी परेपछि यो सडकखण्डबाट सवारीसाधन सञ्चालन हुन सकेको छैन। केही सवारीसाधन सञ्चालन भएपनि हिलोको कारण निकै कष्ट झेल्नुपरेको छ। तस्वीरः सुग्रीव साह

# खोज्न छाड्यो अपहृत भीमलाल र इन्द्रलाललाई

प्रस, निजगढ, ११ भदौ/

निजगढ नपा–९ निवासी ५५ वर्षीय भीमलाल श्रेष्ठ र सोही वडाका अर्का ५५ वर्षीय इन्द्रलाल चौलागाई घर फर्केर आउने आशा अझै घरपरिवारमा निभेको छैन।

उनीहरू अपहृत भएको नौ वर्ष भयो। उनीहरूको खोजतलाशमा त्यस बेला लागे पनि केही महीनापछि खोजी कार्यलाई प्रहरी प्रशासनले बेवास्ता गर्दै आएको छ। उनीहरू २०६९ असोज २५ गते बिहान घाँस लिन नजीकैको राष्ट्रिय वनमा गएका थिए। उनीहरू अपहरणमा परेको खबर साँझ परिवारमा जानकारी आयो। चौलागाईको मोबाइलबाट उनीहरू अपहरणमा परेको जानकारी घरपरिवारलाई गराइएको थियो। त्यसपछि केही दिनसम्म अपरिचित व्यक्तिले फिरौती रकमसमेत माग गरेका थिए।

केही दिनसम्म ठूलो रकम माग गरे पनि १०/१० लाख रुपैयाँ उपलब्ध गराउने टुङ्गो लागेसँगै फिरौती रकम माग गर्ने व्यक्ति पनि सम्पर्कविहीन भए। त्यस अवधिमा प्रहरी र गाउँलेहरूले वनक्षेत्र र सम्भावित स्थानहरूमा उनीहरूको खोजी कार्य गरिरहे। केही दिनसम्म खोजी कार्यलाई व्यापक बनाए पनि फेला



भीमलाल श्रेष्ठ र इन्द्रलाल चौलागाई

नपरेपछि राज्यलाई पत्ता लगाइदिन दबाबस्वरूप पीडित परिवारसहित स्थानीयले सडक अवरुद्ध गरेका थिए। केही महीना प्रहरी प्रशासनले चासो देखाए पनि त्यसयता उनीहरूको खोजी कार्यमा प्रहरी प्रशासन र राज्यका अन्य निकायबाट चासो देखाएको पाइएको छैन। लामो समयसम्म सम्पर्कमा नआएपछि घरपरिवारहरू उनीहरू फर्कने हुन् कि भन्ने झिनो आशामा छन्।

जहिल्यै पनि याद त आइ नै हाल्छ, तर चाडबाडमा निकै सम्झना आउने र फर्केर आउँछन् कि भन्ने आशा अझै पनि रहेको अपहृत परिवारका सदस्यहरू बताउँछन्। घटना पुरानो भइसकेकोले मिसिल अध्ययन गरी खोजी कार्य अघि बढाउनुपर्ने जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक एव प्रवक्ता गौतम मिश्रले बताए। त्यस बेला इलाका प्रहरी कार्यालयमा निवेदन दर्ता भएको हुन सक्ने भन्दै सो सम्बन्धमा इप्रका निजगढलाई पनि मिसिल खोजी अध्ययन गर्न निर्देशन दिइने प्रनाउ मिश्रले बताए।





# छ लाखसहित एकजना पक्राउ

प्रस, वीरगंज, ११ भदौ/

पर्सा प्रहरीले ६ लाख रुपैयाँ लिएर रक्सौलबाट वीरगंज आइरहेका एकजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा वीरगंज महानगरपालिका वडा नं १ छपकैयाका स्वामीनाथ साह तेली छन्।

शुक्रवार बिहान साढे ९ बजे ना.८प १८७ नम्बरको मोटरसाइकलमा रक्सौलबाट आइरहेका तेलीलाई प्रहरी चौकी इनर्वाले चेकजाँच गर्दा पाइन्टको बगलीबाट नेरु ६ लाख बरामद गरेको हो। बरामद रकमको स्रोत नखुलेकोले साहलाई नियन्त्रणमा लिएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए।

बैंक तथा वित्तीयसम्बन्धी कसूरमा साहलाई हिरासतमा लिई अनुसन्धान भइरहेको छ।

त्यसैगरी, पर्सा प्रहरीले वीरगंजबाट साढे ४ लाखभन्दा बढी मूल्यको भन्सार छलीका सामग्री बरामद गरेको छ। प्रहरीले वीरगंज महानगरपालिकाको इनर्वा, नगवा र छपकैयाबाट अवैधरूपमा भन्सार छली ल्याउँदै गरेको रु ४ लाख ६७ हजारबराबरको सामग्री नियन्त्रणमा



लिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ। बरामद सामान वीरगंज भन्सार कार्यालयमा बुझाइएको जिप्रका पर्साले जानकारी गराएको छ।

# चक्कू प्रहारबाट एकजनाको मृत्यु

प्रस, रक्सौल, ११ भदौ/

रक्सौलमा रहेको दलित बस्तीमा शुक्रवार बिहान भएको झडपमा चक्कू प्रहार गरी एकजनाको हत्या गरिएको छ।



रक्सौल वडा नं ७ मा रहेको दलित बस्तीमा दुई पक्षबीच झडप भएको र सो झडपमा ससुरालीमा बस्दै आएका वीरगंजका राजेश मल्लिकको हत्या भएको प्रहरीले जनाएको छ।

हिजो रातिदेखि मृतक मल्लिकका ससुराली पक्ष र भनु मल्लिक परिवारबीच विवाद भएको थियो। हिजो राति पनि झडप भएको तर आज बिहान झडपको क्रममा भनु मल्लिकका छोरा विक्रम र आकाश मल्लिकले राजेशमाथि चक्कू प्रहार गरेका थिए। चक्कू प्रहारबाट घाइते उनको उपचारको क्रममा मृत्यु भएको हो। घटनामा थुप्रैजना घाइते भएको प्रहरीले जनाएको छ।

रक्सौल थानाध्यक्ष शशीभूषण ठाकुरले घाइतेहरूको उपचार भइरहेको र दोषीहरूको खोजी भइरहेको बताए।

# शुक्रवार तीनजना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, ११ भदौ/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले शुक्रवार तीनजना सङ्क्रमित पुष्टि गरेको छ। अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले २५ जनाको स्वाब परीक्षण गर्दा बाराका दुई र पर्साका एक गरी तीनजना सङ्क्रमित पुष्टि भएको बताए।

यसअघि बिहीवार साँझ चारजना सङ्क्रमित पुष्टि भएका थिए।

४० जनाको स्वाब परीक्षण गर्दा बाराका दुई, रौतहट र पर्साका एक/एक गरी चारजना सङ्क्रमित पुष्टि भएको उनले बताए।

# मन्त्री साहद्वारा इप्रकाको निरीक्षण

प्रस, निजगढ, ११ भदौ/

इलाका प्रहरी कार्यालय निजगढको पुरानो हुँदै गइरहेको भवनको प्रदेश नं २ का आन्तरिक मामिला तथा सञ्चार



आन्तरिक मामिला तथा सूचना सञ्चारमन्त्री भरत साहलगायत। तस्वीरः जीतलाल श्रेष्ठ

मन्त्री भरतप्रसाद साहले शुक्रवार निरीक्षण गरेका छन्।

निजगढ दिन प्रतिदिन शहर उन्मुख भइरहेको र अन्तर्राष्ट्रिय विमानस्थल तथा द्रुतमार्ग निर्माण प्रक्रियामा रहेकाले सुरक्षा चुनौती थपिँदै गइरहेको उनले बताए। तत्कालीन अवस्थालाई मात्र नहेरी निजगढ क्षेत्र र आसपासमा हुने विकाससँगै थपिने जनघनत्व, सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै यस प्रहरी कार्यालयको स्तरोन्नति गर्दै भौतिक संरचनालाई आधुनिकीकरण गर्नुपर्ने आवश्यकतामा मन्त्री साहले जोड दिए।

प्रदेश प्रहरी सङ्गठनको संरचना प्रदेश सरकारको मातहतमा आइनसकेको बताउँदै मन्त्री साहले पहिले प्रदेश सरकारले यस सङ्गठनलाई प्रदेश सरकारको मातहतमा ल्याउनेतर्फ प्रक्रिया अगाडि बढाइसकेको जानकारी दिए। पुरानो र जीर्ण हुँदै गइरहेको प्रहरी भवनलाई तत्कालै मर्मतसम्भार गर्न प्रदेश सरकारले सहयोग गर्न सक्ने भएपनि भवन निर्माणका लागि आगामी वर्ष प्रदेश सरकारको रेडबूकमा पार्न आफ्नो प्रयास रहने प्रतिबद्धता जनाए।

इप्रका निजगढका प्रहरी निरीक्षक शङ्कर चौधरीले कार्यालयको प्रशस्त जग्गा रहे पनि ब्यारेक भवनको अभावका कारण प्रहरीले बाहिर कोठा खोज्नुपरि रहेको जानकारी मन्त्री साहलाई गराए। प्रहरी कार्यालयको भवन वर्षामा चुहिने मात्र नभई डुबानमा समेत पर्ने गरेको उनले जानकारी गराए।

# रौतहट घटनामा प्रहरी प्रधान कार्यालयद्वारा अनुसन्धान

प्रस, रौतहट, ११ भदौ/

रौतहटमा लागूऔषधसहित पत्रकार फसाउने प्रकरणमा छानबिन गर्न आएको सार्वजनिक भएपछि प्रहरी प्रधान कार्यालयबाट आएको टोलीले आज पीडित पत्रकार मोजिबुल्लासँग सोबारे



प्रहरी प्रधान कार्यालय। तस्वीरः फाइल

प्रहरी टोलीले शुक्रवारदेखि अनुसन्धान शुरू गरेको छ।

प्रहरी प्रधान कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक कृष्ण महतको नेतृत्वमा आएको पाँच सदस्यीय टोलीले आजदेखि अनुसन्धान शुरू गरेको हो। पत्रकारलाई फसाउने प्रहरी अधिकारीको नाम सोधपूछ गरेको छ।

प्रवउ महतले सत्य कुरा प्रकाशमा ल्याउने र कसैलाई अन्यायमा नपार्ने बताए। यसअघि हिजो यो घटनाको नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष रमेश विष्टको नेतृत्वमा आएको टोलीले छानबिन गरेको थियो।

# तोदीको निधनमा शोकसभा

प्रस, वीरगंज, ११ भदौ/

वीरगंज भन्सार एजेन्ट सङ्घका सदस्य विनोदकुमार तोदीको निधनमा शुक्रवार शोकसभा गरिएको छ।

आइसिपीमा आज कार्यक्रम गरी शोकसभा गरिएको हो। शोकसभामा वीरगंज भन्सार एजेन्ट सङ्घका कार्यवाहक अध्यक्ष नन्दकिशोर मल्ल, वीरगंज भन्सारका प्रमुख हरिहर पौडेल, दिलीप केसी, भन्सार कर्मचारी, एजेन्ट प्रतिनिधिलगायतले तोदीको मृत्युमा शोक व्यक्त गरेका थिए। कार्यक्रमको



सहजीकरण विनोद परियारले गरेका थिए। तोदीको यही भदौ ८ गते सुक्खा बन्दरगाह परिसरमा ट्रकले ठक्कर दिंदा उपचारको क्रममा मृत्यु भएको थियो।